मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ६५ • २०८१ साल माघ ०१ गते मंगलबार • Tuesday 14, January 2025 • सूर्योदयः बिहान ६:५६ बजे • सूर्यास्तः साँझ ५:३३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## लामिछानेविरुद्ध थुनछेक बहस जारी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको थुनछेक बहस सोमबार पनि समाप्त नभएकाले काठमाडौँ जिल्ला अदालतले उनलाई पुनः न्यायिक हिरासतमा पठाएको छ ।
काठमाडौँको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनसम्बन्धी मुद्दामा सभापति लामिछानेको न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासमा सोमबारदेखि शुरु भएको थुनछेक बहस नसकिएपछि लामिछानेलाई हिरासतमा पाठइएको हो ।
काठमाडौँ जिल्ला अदालतका सूचना अधिकारी अम्बरबहादुर चन्दले भने, ‘आगामी माघ २ गतेदेखि सुनुवाइ हुनेछ, उहाँलाई न्यायिक हिरासतमा राख्न प्रहरीको जिम्मा लगाइएको छ ।’

# कीर्ते र ठगीमा बृहत्तरका तत्कालीन कार्यकारी निर्देशक ठाकुर पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुर ठगी प्रकरणमा पक्राउ परेका छन् । उनलाई सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ हिनामिना गरेको आरोपमा सोमबार ललितपुरको भैंसेपाटीबाट पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी परेपछि ठाकुरलाई ललितपुर परिसरको सहयोगमा पक्राउ गरिएको हो । उनलाई जनकपुर झिकाएर अनुसन्धान अघि बढाइने प्रहरीको भनाइ छ ।
उसो त ठगी प्रकरणमा ठाकुरसहित अन्य तीन कर्मचारीहरू मुछिएका छन् । परिषद्का लेखापाल सावित्री गिरी, प्रशासन प्रमुख जितेन्द्रकुमार यादव र जिन्सी शाखा प्रमुख मदनकुमार चौधरी पनि सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँको ठगीमा संलग्न रहेको आरोप लागेको छ । अन्य कर्मचारीविरुद्ध मंसिरमै जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी परेको थियो । अदालतले समेत उनीहरूविरुद्ध पक्राउ गरी अनुसन्धान अघि बढाउन आदेश जारी गरिसहेको छ ।
२०७६ असार ३१ गतेको भएको कीर्ते सम्झौतामा यो ठगी प्रकरण जोडिएको हो । महोत्तरी, एकडारा गाउँपालिकाका मुकेश यादवका नाममा ३० लाख रुपैयाँ निकासी भएको थियो । यादवले रकम निकासी गरिएको बारे पछि थाहा पाएपछि प्रहरीमा जाहेरी दिए । उनले आफ्नो नाममा बनाइएका कागजात र दस्तखत कीर्ते गरेर रकम हिनामिना गरिएको उल्लेख गरेका थिए । घटनामा संलग्न व्यक्तिले सरकारी छाप र दस्तखत दुरुपयोग गर्दै विभिन्न कागजात तयार पारेका थिए ।
यादवका अनुसार आफ्नो नाममा कीर्ते गरेर विभिन्न कागजात तयार गरी ३० लाख रुपैयाँ हिनामिना गरिएको थियो । उनीहरूले सरकारी कार्यालयको नाममा कीर्ते कागजात तयार गरेर रकम निकासा गरेको दाबी गरेका छन् । यादवका नाममा सरकारी भाडा सम्झौतासम्म बनाएर बदमासी भएको थियो ।

# मुख्यमन्त्रीको कार्यालय ठूलो कि स्वास्थ्य मन्त्रालय ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा निर्देशकको विषयलाई लिएर मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयबीच शितयुद्ध बढेको छ । प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा निमित्त निर्देशक डा. कुमार मृत्युञ्ज प्रसाद छन् । मुख्यमन्त्री कार्यालयले आइतबार पत्र लेख्दै डा. प्रणवकुमार यादवलाई निर्देशकको पद सम्हाल्न भनेपछि सितयुद्ध सतहमा आएको हो ।
मुख्यमन्त्री कार्यालयका शाखा अधिकृत मिथिलेशकुमार महतोद्वारा हस्ताक्षरित पत्रमा डा. यादवलाई तत्काल व्यवस्था नभएसम्म आर्थिक तथा प्रशासनिक अधिकारसहित प्रादेशिक प्रयोगशालाको निमित्त निर्देशकको पद सम्हाल्न भनिएको छ । लगत्तै मधेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुख्यमन्त्री कार्यालयको निर्णयलाई प्रतिवाद गर्दै उनलाई हाजिरी नगराई




सम्बन्धित कार्यालयमा पठाउन सोमबार अर्को पत्र पठाएको छ ।
मन्त्रालयका निमित्त सचिव राजेशकुमार कर्णको हस्ताक्षर भएको पत्रमा प्रयोगशालामा निर्देशक पठाउने अधिकार मन्त्रिपरिषद्स्तरीय निर्णयबाट हुनुपर्नेमा नभएको पाइएकाले डा. प्रणवकुमार यादवको सेवासमूह र पदको दरबन्दी खाली नरहेकाले हाजिरी नगराई सम्बन्धित कार्यालयमा फिर्ता पठाउन भनिएको छ ।
डा. यादव १०औँ तहका कर्मचारी हुन् भने डा. मृत्युञ्जयप्रसाद नवौँ तहका हुन् । डा. यादव हाजिरसमेत भइसकेका छन् । उनलाई हाजिर हुन कार्यालयमा अर्को रजिष्टर खडा गर्नु परेको थियो । उनी कार्यालयमा हाजिर भएपछि निमित्त निर्देशक डा. मृत्युञ्जय प्रसाद पक्षधर कर्मचारीहरु स्वास्थ्य मन्त्रालय पुगेर मुख्यमन्त्री कार्यालयको पत्रलाई काउन्टर दिने गरी अर्को पत्र लेखाउन लगाएको प्रयोगशालाकै कर्मचारीको आरोप छ ।
मुख्यमन्त्री कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फरक प्रकृतिको पत्र जारी गरेपछि प्रदेश सरकार नै प्रयोगशालालाई तहसनहस पार्न खोजिरहेको आरोप कर्मचारीको छ ।

# कलैया उपमहानगरपालिकाको १४ औँ परिषद्



**संजय तिवारी**
**बारा ।**
कलैया उपमहानगरपालिकाको १४ औँ नगरसभा सोमबार कलैयामा भएको छ । नगर प्रमुख बिनोद साहको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख रौशन प्रविनले नीति तथा कार्यक्रमको अर्धबार्षिक समीक्षा प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । प्रतिवेदनमा नगरसभा सदस्य शशि दासलगायतका नगरसभा सदस्यले धारणा व्यक्त गरेका थिए ।
कार्यक्रममा नेपाल प्रिमियर लिगको पहिलो संस्करण बिजेता ‘जनकपुर बोल्टस’का क्याप्टेन तथा कलैयाका स्थानीय क्रिकेट खेलाडी अनिल साह र अर्का खेलाडी अरनिको यादवलाई जनही ५१ हजार रुपैयाँसहित सम्मान गरिएको थियो ।
त्यस्तै, भारतमा गोल्ड मेडल जितेर आएका नेपाल सितोरियो सुबुकान करातेका १८ खेलाडी एवम् प्रशिक्षक अनिल कुमार पाण्डेलाई जनही ५ हजार रुपैयाँसहित सम्मानित गरिएको थियो ।
१४ औँ नगरसभाको अवसरमा उनीहरुलाई नगरप्रमुख साह, उपप्रमुख प्रविन, ज्येष्ठ नगरसभा सदस्य श्याम विहारी प्रसाद चौधरी, प्रमुख प्रशासकीय अधिकृत नाथु साहलगायतकाले दोसल्ला ओढाएर नगदसहित सम्मानित गरेका हुन् । त्यस्तै, कलैयाका २ मेधावी छात्रालाई समेत सम्मान गरिएको छ ।

# आज मधेशी दलहरुको कार्यदलको बैठक बस्ने

मधेशदृष्टि
वीरगंज ।
मधेश केन्द्रित दलहरूको एकता र मोर्चा गठनका लागि गठन गरिएको कार्यदलको पहिलो बैठक आज मंगलबार काठमाडौँको धुम्बाराहीस्थित समर्पण एकेडेमीमा बस्ने भएको छ ।
संविधान संशोधनमार्फत थ्रेसहोल्ड बढाउने र समानुपातिक प्रणाली हटाउने सरकारको तयारीको विरोधमा दलहरू एकीकृत हुने प्रयासमा छन् ।
बैठकमा जसपा नेपालका तर्फबाट कार्यदल संयोजक राजकिशोर यादव, उपाध्यक्ष रेणु यादव, महासचिव इस्तियाक राई, लोसपा नेपालका तर्फबाट संयोजक जितेन्द्र सोनल, महासचिव डा. सुरेन्द्र झा, जनमत पार्टीका संयोजक अब्दुल खान, प्रवक्ता डा. शरद यादव, जनता प्रगतिशील पार्टीका उपाध्यक्ष डा. शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता केशव झा र तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल सहभागी हुनेछन् ।
सत्तारूढ कांग्रेस र एमालेले थ्रेसहोल्ड बढाउने र समानुपातिक प्रणाली हटाउने प्रयास गरिरहेको आरोप लगाउँदै मधेश केन्द्रित दलहरूले मोर्चा गठन गरी सरकारविरुद्ध आन्दोलन गर्ने तयारी गरिरहेका छन् । संविधान संशोधनका नाममा भइरहेको प्रक्रियालाई सन्तुलित र वैज्ञानिक बनाउन मधेशका दलहरूले आआफ्ना कार्यदल गठन गरिसकेका छन् ।

# रौतहटका न्यायाधीश नेताका ‘झोले कार्यकर्ता’ भएः साह

**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले रौतहटका न्यायाधीशलाई ‘नेताहरुको झोले न्यायाधीश’ भनेर टिप्पणी गरेका छन् । नेताहरुको झोले न्यायाधीशका कारण रौतहट बदनाम एवम् अस्तव्यस्त भएको साहले गम्भीर आरोप लगाए । साथै उनले बेईमान एवम् अयोग्य न्यायाधीशको छानबिन गर्नसमेत माग गरेका छन् । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसँग उनले बेईमान एवम् अयोग्य न्यायाधीशलाई छानबिनको दायरामा ल्याउन माग गरे ।



‘नेताहरूको झोले न्यायाधीशले रौतहट बदनाम एवम् अस्तव्यस्त भयो । बेईमान एवम् अयोग्य न्यायाधीशहरूलाई छानबिनको दायरामा ल्याउन सम्मानीय प्रधानन्यायाधीश ज्यूको विशेष ध्यानाकर्षण गराउछु,’ साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् । रौतहटका न्यायाधीशहरु कानूनअनुसार पीडितलाई न्याय नदिई नेताहरुको झोले कार्यकर्ताका रुपमा काम गरिरहेको उनको आरोप छ ।

# चुरोट कारखाना चलाउन दबाब बढाऔँ

**राघवेन्द्र साह**
**जनकपुरधाम ।**
राजर्षि जनक र जानकीको पुण्यभूमि जनकपुरधाममा अद्र्धशताब्दीपूर्व स्थापित जनकपुर चुरोट कारखानाको दुर्गति भइरहेको छ । दशकौँ पूर्व देशमा सबभन्दा बढी राजस्व बुझाउने एक नम्बरको औद्योगिक प्रतिष्ठान चुरोट कारखाना नै थियो । भ्रष्ट र बेइमान व्यवस्थापन उद्योग करोडौँ कर्जामा डुबेको छ र पूर्ण रुपमा बन्द भई सेतो हात्तीमा सीमित भएको छ ।
कुनै बेला कामदार र व्यवस्थापन गरी पाँच हजारलाई रोजगारी उपलब्ध गराएको चुरोट कारखाना सरकारको जिम्मामा छ र अतीतमा तलब भन्दा दुई गुणा बढि ओभर टाइम र बोनस उठाउनेहरु अवकास प्राप्त भइसकेका छन् । २०२१ पुस २९ गते उद्योग उद्घाटन भएको थियो । २० अर्ब रुपैयाँ भन्दा बढी राजस्व देशलाई बुझाएको उद्योग थियो । अहिले पनि देशभर पच्चीस अर्ब रुपैयाँ भन्दा बढीको श्रीसम्पति रहेको कारखानालाई कमिशनखोरले अस्तव्यस्त बनाए ।
विराटनगर जुट मिल बन्द भएर पुनः सुचारु भइसकेको छ भने चालु अवस्थाको चुरोट कारखाना बन्द हुनु हरेक नेपालीको लागि लज्जास्पद छ । जुन सुकै विचारधाराका कामदार रहे पनि कारखाना सञ्चालनमा रहे त्यसले रोजगारी दिनसक्छ । होइन भने जसले जति सुविधा पाए पनि त्यसले जीवन धान्न सकिँदैन भन्ने कुरा शहीदका परिवारले पाएको दश लाख रुपैयाँको अवस्थाले प्रष्ट्याउँछ ।
कुनैबेला वर्षगाँठमा लाखौँ रुपैयाँ खर्च गर्ने कारखानाको ६० औँ वार्षिकोत्सव सुनसान औँशीको अँध्यारो रात बन्न पुगेको छ । अतः देशका नीतिनिर्माताले विचार गर्नु पर्दछ कि कृषि र उद्योग बन्द भए पर्यटन वा वैदेशिक रोजगारीका नाममा विकृति र विसंगति मात्र फैलन्छ । देशलाई सबल र आत्मनिर्भर बनाउन सकिँदैँन । तसर्थ अर्बौ रुपैयाँ राजस्व बुझाएको र अर्बौंको श्रीसम्पति भएर पनि ६० औँ वर्षगाँठ अवसरमा कारखानालाई सुसञ्चालन गराउन प्रथमतः यहाँका नागरिक समाजले सरकारलाई दबाब दिइ सञ्चालन गर्न पहल गर्नु पर्दछ र शेयर बिक्री गरेर यसलाई संकटबाट जोगाएर यसको पुरानो प्रतिष्ठान पुनस्र्थापित गरेर मधेशको नाम बढाउनु पर्दछ ।
(वडाध्यक्ष, जनकपुरधाम उपमहानगर)



# नगरपालिकाको तालाबन्दी २० औं दिन पनि जारी



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको कटहरिया नगरपालिकामा गरिएको तालाबन्दीको सोमबार २० औं दिनमा पुगेको छ । नगर प्रमुख अजय प्रकाश जयसवाल र प्रमुख प्रशासकीय अधिकृत रामजी जोशीको कार्यशैली प्रति असन्तुष्टी जनाउँदै जनप्रतिनिधीले तालाबन्दी गरेका हुन् । कयौं पटक तालाबन्दी भयो र खुल्यो तर, यसपालीको तालाबन्दी निर्णायक हुने जनप्रतिनिधीहरुले बताएका छन् । कटहरिया वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ताले मेयर र हाकिमको गैरजिम्मेवारीका कारण तालाबन्दी गर्नु परेको बताउँछन् ।

बाहिरै बसेर चेक काट्ने र समझौता गराउने जस्ता कामहरु भइरहेको वडा अध्यक्ष गुप्ताले बताए । गलत नियतले मेयर र हाकिमले नगरपालिकालाइ बन्धक बनाएको उनको आरोप छ । मेयर जयसवालले नगरपालिकालाई कमाइखाने भाँडो बनाएको वडा अध्यक्ष गुप्ताको आरोप छ । साथै उनले हाम्रो आन्दोलनलाइ बेवास्ता गरिए कडा रुपमा प्रस्तुत हुने चेतावनी समेत दिए ।

अर्का वडा अध्यक्ष चन्दन कुशवाहाले यस अघि आफूहरुले तालाबन्दी गर्दा मेयरले ११ बुँदे सहमती गरेर नै ताल्चा खोल्न लगाएको स्मरण गराएका छन् । 'कर्मचारीहरु बक्यौता तलब दिने, बिजुलीको महशुल भुक्तानी गर्ने, खानेपानीमा पैसा राख्ने जस्ता सहमतिहरु गरेर नै नगरपालिकामा लागेको ताल्चा खोलाइएको थियो । तर अहिले ताल्चा खोलाउने कुनै किमिको पहल भएको छैन् ।' उनले भने, 'कटहरिया नगरपालिका २० दिन देखि मात्र होइन् अढाइ वर्ष देखि नै मेयरको बन्धकमा रहेको छ ।'

# एकदिने निःशुल्क स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**धनुषा ।**
धनुषाधाम नगरपालिका–८ कुम्हरामा एकदिने निःशुल्क स्वास्थ्य शिविर भएको छ । कुम्हरा युवा क्लबको आयोजनामा तथा जानकी मेडिकल शिक्षण अस्पताल रमदैया भवाडी धनुषाको प्राविधिक सहयोगमा भएको स्वास्थ्य शिविरमा २ सय ९४ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । शिविरमा हाडजोर्नी, मेडिसिन, पेट, छाती, मुटु, मृगौला, कान–घाँटी, छाला रोग, सर्जरी, बालरोग, आँखा, स्त्री तथा प्रसूति विभाग, रक्त परीक्षण र अल्ट्रासाउन्ड जस्ता सेवा प्रदान गरिएको थियो ।

कुम्हरा, केशवकुट्टि, मुलाबारी, धारापानी, सरस्वतीपुर र किसानपुर
भगवानपुरलगायतका क्षेत्रका स्थानीयले शिविरमा सेवा लिएका थिए। शिविरको अध्यक्षता कुम्हरा युवा क्लबका अध्यक्ष मुकेश कुमार ठाकुरले गरेका थिए । प्रमुख अतिथि धनुषाधाम नगरपालिकाका उपप्रमुख विद्या देवी भुजेल थिइन् । विशिष्ट अतिथि नेकपा एमालेका केन्द्रीय सल्लाहकार असर्फी भिन्वार यादव, माओवादी केन्द्रका प्रदेश सदस्य झल्कु भिन्वार यादव, शिक्षा शाखा प्रमुख विष्णु मण्डल, जनता समाजवादी पार्टी नेपालका युवा नेता जगतनारायण लगायत थिए । शिविर प्रगतिशील जनता प्राथमिक विद्यालय कुम्हराको प्राङ्गणमा भएको हो ।

# ओम शिवशक्ति सहकारीको साधारण सभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज**
ओम शिवशक्ति बचत तथा ऋण सहकारी संस्थाको १६ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

कार्यक्रमको राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष शम्भु प्रसाद गुप्ताले उद्घाटन गर्दै यो संस्थामा कुनै पनि किसिमको नकारात्मक विषय बाहिर नआएको हुनाले ढुक्क भएर कारोबार गर्न आम जनतालाई आग्रह गरे । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष हरेराम पटेल, संस्थाका कार्यकारी प्रमुख अरुण साह, रविभुषण श्रीवास्तव लगायतले शुभकामना मन्तव्य राखेका
थिए । कार्यक्रम संस्थाका अध्यक्ष कालिष्टर साह कानुको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# लक्ष्मीनियाँमा हुलाक कार्यालय स्थापना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा हुलाक कार्यालय स्थापना गरिएको छ । एक पालिका, एक हुलाकको अवधारणा अन्तर्गत धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा कार्यालय स्थापना भएको हो ।
लक्ष्मीनियाँ–७ स्थित बजारमा सोमबार हुलाक कार्यालयको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले हुलाक कार्यालयको स्थापनाले गाउँपालिकाका जनताले सरल, सहज तथा सुलभ तरिकाले सेवा पाउने विचार व्यक्त गरे ।
सरकारी सेवा गाउँगाउँसम्म पु¥याउन सरकारले गरेको उक्त प्रयासको प्रशंसा गर्दै उनले हुलाकको आवश्यकता र महत्व अझै रहेको बताए ।
हुलाक निर्देशनालय जनकपुरधामका निमित्त हुलाक निर्देशक लाल झाले हुलाक सेवाको ऐतिहासिक महत्व तथा ग्रामीण क्षेत्रमा यसको पहँचका फाइदाबारे चर्चा गरे ।
हुलाक कार्यालय सञ्चालन भएपछि पत्राचार, पार्सल सेवा, सरकारी सूचना आदानप्रदानका सुविधा प्रदानलगायत अन्य सुविधा प्रदानमा सहज हुने अपेक्षा गरिएको छ ।

# स्वरूप परिवर्तन गरी ध्वनि प्रदूषण गर्ने मोटरसाइकललाई कारबाही

**मधेशदृष्टि**
**वीरगंज ।**
स्वरूप परिवर्तन (साइलेन्सर परिवर्तन) गरी ध्वनि प्रदूषण गर्ने मोटरसाइकलमाथि पर्सा प्रहरीले कारबाही शुरु गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी निरीक्षक (इन्स्पेक्टर) लोकराज भट्टका अनुसार पछिल्लो समयमा साइलेन्सर परिवर्तन गरेर अत्यधिक आवाज निकाल्ने र ध्वनि प्रदूषण गर्ने मोटरसाइकलहरूको संख्या बढ्दै गएपछि यसलाई नियन्त्रण गर्न ट्राफिक प्रहरीले विशेष अभियान चलाएको छ । सोमबार मात्रै ट्राफिक प्रहरी कार्यालय पर्साले दुई वटा मोटरसाइकललाई कारबाही गर्दै एक हजार जरिवाना गरेको इन्स्पेक्टर भट्टले जानकारी दिए ।

पछिल्लो एक हप्तामा मात्रै ट्राफिक प्रहरीले आधा दर्जनभन्दा बढी मोटरसाइकललाई साइलेन्सर परिवर्तन गरेको आरोपमा नियन्त्रणमा लिई कारबाही गरेको छ । इन्स्पेक्टर भट्टले सार्वजनिक शान्ति भङ्ग गर्ने र नियम उल्लङ्घन गर्ने सवारी साधनमाथि कडा कारबाही गर्ने बताए । अभियानले सहरभित्र सवारी सुरक्षालाई प्रवद्र्धन गर्नुका साथै ध्वनि प्रदूषण नियन्त्रणमा पनि सहयोग पुग्ने विश्वास लिइएको छ ।

# भूमि आयोग पर्साको अध्यक्षमा अहमद

**मधेशदृष्टि**
**वीरगंज ।**
भूमि समस्या समाधान आयोग पर्साको अध्यक्षमा पुनः तबरेज अहमद नियुक्त भएका छन् ।

सरकारले ५८ जिल्लामा भूमि समस्या समाधान आयोगको अध्यक्ष नियुक्त गर्ने क्रममा पर्साको अध्यक्षमा अहमद नियुक्त भएका हुन् । अहमद ,जनता समाजवादी पार्टी (जसपा) का नेता पनि हुन् ।

उनी यसअघि २०७८ चैत १७ गतेदेखि २०८० चैत ८ गतेसम्म पनि पर्साको भूमि आयोगको अध्यक्ष थिए । सत्ता गठबन्धनमा रहेका कांग्रेस, एमाले लगायतका दलहरुले ५८ जिल्लामा भागबन्डा गरेर भूमि समस्या समाधान आयोगको अध्यक्ष नियुक्त गरेका हुन् । यस्तै बाराको अध्यक्षमा जीतपुरसिमरा उपमहानगरपालिका–२१ का भरत बहादुर घले नियुक्त भएका छन् ।

# महाकुम्भमा एक करोड बढीले गरे स्नान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महाकुम्भमा एक करोडभन्दा बढी भक्तजनले १ सय ४४ वर्षपछि चारतको प्रयागराजमा स्नान गरेका छन् । विश्वभरका १० हजारभन्दा बढी विदेशी भक्तजनले पनि स्नान गरेका थिए ।
महाकुम्भमा एक लाख २५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । भक्तजनको सुविधाका लागि डेढ लाख अस्थायी शौचालय निर्माण गरिएको थियो । हात्ती, घोडा, ऊँट र महँगो गाडीमा सवार नागा, साधु, सन्तहरू वाद्ययन्त्र लिएर स्नानमा निस्किए ।
नेपालबाट पनि ठूलो संख्यामा भक्तजन स्नान गर्न गएका थिए । जानकी मन्दिर, पगला बाबालगायत धेरै साधुसन्तले पनि महाकुम्भमा खालसाको आयोजना गरे । भारतीय रेलवेले यात्रीको सुविधाका लागि थप रेलसेवा उपलब्ध गराएको थियो ।

# इनर बाइपासमा बजार स्थानान्तरण तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले बिपी उद्यान खाली गरेर त्यहाँ रहेका थोक तथा खुद्रा तरकारी र हङ्कङ बजारलाई इनर बाइपास क्षेत्रमा स्थानान्तरण गर्ने तयारी अघि बढाएको छ । नगर प्रमुख राजेशमान सिंहको नेतृत्वमा इनर बाइपासस्थित सरकारी जग्गाको अवलोकन गरिएको छ ।
हालै सर्वोच्च अदालतको आदेशपछि भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले जग्गा नेपाल सरकारको नाममा दर्ता गरेपछि महानगरले त्यस क्षेत्रलाई व्यवस्थित तरकारी बजारका लागि उपयोग गर्ने योजना बनाएको हो । महानगरपालिकाले नगरसभाबाट प्रतिवर्गफुट १५ रुपैयाँ शुल्क लिने निर्णय गर्दै तरकारी र हङ्कङ बजारको स्थापना प्रक्रिया अघि बढाएको छ । बिपी उद्यानमा डेढ दशकदेखि सञ्चालनमा रहेका व्यवसायीले यसअघि कुनै शुल्क तिरेका थिएनन्, जसका कारण व्यक्ति विशेष र नगर प्रहरीले अनधिकृतरूपमा रकम असुल्ने गुनासो आइरहेको थियो ।
नयाँ स्थानमा व्यवसायीले आफ्नै लगानीमा संरचना निर्माण गर्न सहमति जनाइसकेका छन् । यद्यपि, स्थानान्तरण प्रक्रियामा बिपी उद्यान क्षेत्रका २० दलित परिवार विस्थापित भएका छन्, जसले उनीहरूलाई अस्थायी रूपमा घरबारविहीन बनाएको छ । बिपी उद्यानमा ३५ थोक, ४० खुद्रा पसल र यस्तै संख्यामा हङ्कङ बजार सञ्चालनमा रहेका थिए । स्थानान्तरणले व्यवसायलाई व्यवस्थित बनाउने अपेक्षा गरिए पनि दलित परिवारको पुनःस्थापनाको अभाव र व्यवसायी व्यवस्थापनका चुनौतीले प्रक्रिया जटिल बनाएको छ ।




**शीतलहर तथा चिसोबाट बच्ने उपायहरु**

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पटेर्वा सुगौली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, मधेश प्रदेश, नेपाल**

# सप्तकोशीमा स्नान गर्नै श्रद्धालुको घुइँचो

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका–१ भारदहस्थित सप्तकोशी ब्यारेजमा लाग्ने कोशी मेलामा श्रद्धालु भक्तजनहरुको घुइँचो लागेको छ ।सुनसरी र सप्तरीको बीचमा पर्ने कोशी ब्यारेजमा प्रत्येक वर्ष पौषशुक्ल पूर्णिमाको दिन मेला लाग्ने गर्दछ । यसैगरी, जिल्लाको हनुमाननगर, कुनौली, सप्तकोशी नगरपालिका–६ स्थित म्याग्जिन चौरिया, कञ्चनरुप नगरपालिकाको जगतपुरस्थित कनकट्टासहित कोशी नदी बग्ने अधिकांश स्थानमा सोमबार कोशी स्नान र मेला भर्नेहरुको घुइँचो लागेको छ ।सप्तरीको १८ पालिकामध्ये कोशी क्षेत्रअन्तर्गत रहेका अधिकांश पालिकाले स्थानीय बिदा दिएका छन् । हनुमाननगर कङ्कालिनी नगरपालिका–२ का दिनेशकुमार राउतले ‘कोशी स्नान गरे पापबाट मुक्ति पाउने तथा गङ्गास्नान गरेसरह हुने’ जनविश्वास रहेको बताए । यस दिन बिहान कोशी नदीमा नुहाएर मिठोचोखो खाने कुराहरु खाने चलन छ । कोशी स्नानपछि भुजा, च्युरा, पुरी, तरकारी, जेरीसहितका मिठाईहरु खाने प्रचलनसमेत छ । कोशी नदीलाई कौशिका माताका रुपमा पूजा गर्ने चलनअनुसार यस दिन कोशीमा नुहाएर खानेकुरा खाए हरेक इच्छा पूरा हुने जनविश्वास रहेको स्थानीय बुढापाकाहरू बताउँछन् । रोशनकुमार कर्णले कोशी मेलालाई कृषि मेलाका रुपमा समेत चिनिने कोशी मेलामा कृषि औजारका साथै घरेलु औजार (हस्त निर्मित सामग्री)हरुको खरिद–बिक्री हुने गरेको छ । यो मेलामा सप्तरीको सप्तकोशी, हनुमाननगर कङकालिनी र राजविराज नगरपालिकासहित सुनसरीको कोशी गाउँपालिका र भारतको विहार राज्यको सुपोल जिल्लाका भक्तजन मेला भर्नेहरु आउने गर्दछ ।रासस

# मिथिलाञ्चलमा तिला सङ्क्रान्तिको रौनक

**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिलाञ्चल क्षेत्रमा तिला सङ्क्रान्ति (माघे सङ्क्रान्ति) पर्वको रौनक छाएको छ । मिथिलाञ्चलमा धुमधामसँग मनाइने यो पर्वको चहलपहल अहिले यहाँका गाउँ बस्तीमा सुरु भइसकेको जलेश्वर नगरपालिका–५ का संस्कृतिविद् ध्रुव राउतले बताए । यस पर्वमा मिथिलाञ्चलमा चिउरा, भुजा र तिलमा सक्खर हालेर बनाइएको लड्डु खाने चलन छ । साथै खिचडी र दही, चिउराको भोजन गर्ने चलन पनि रहेको जलेश्वर नगरपालिका–१ स्थित बाबा जलेश्वरनाथ महादेवका पूजारी उपेन्द्र पाठकले बताए । पर्व सुरु हुनुभन्दा अघि नै घरघरमा तिल, चिउरा र भुजा ल्याएर लड्डु बनाउने चलन रहेको जलेश्वर–८ की रेणु मण्डल बताउँछन् । यहाँका महिलाका समूहले एकले अर्कोलाई सहयोग गर्दै टोलभरिकै घरमा गएर चिउरा, भुजा र तिलमा सक्खर हालेर लड्डु बनाउने भएकाले पर्वको रौनक अहिले मिथिलाको गाउँगाउँमा देख्न सकिने जलेश्वर–११ की कञ्चन बिच्छाले बताए ।

# मधेश प्रदेशको उद्योगका उत्पादन क्षमता खुम्चियो

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा रहेका उद्योगहरुको आफ्नो उत्पादन क्षमताको औसतमा ५१ दशमलव ०३ प्रतिशतमा खुम्चिएको छ । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा उद्योगहरुको उत्पादन क्षमता औसतमा १० दशमलव ५३ प्रतिशतले खुम्चिएको छ ।

जबकि गत आर्थिक वर्ष २०७९÷८० मा यहाँका उद्योगहरुको औसत क्षमता उपयोग ६१ दशमलव ५६ प्रतिशत रहेको थियो । राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार समीक्षा अवधिमा हल्का पेयपदार्थ उद्योगले सबैभन्दा बढी ९७ दशमलव ७८ प्रतिशत क्षमता उपयोग भएको देखाएको छ । त्यसैगरी सो आवमा वनस्पति घीउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् शूल्य दशमलव ४० रहेको देखाएको छ । वनस्पति घीउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घीउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन पनि क्रमशः घट्दै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ । राष्ट्र बैङ्कका अनुसार समीक्षा अवधिमा प्लास्टिकजन्य उद्योगको र छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको क्षमतामा अघिल्लो अवधिको तुलनामा कमी आएको पनि औँल्याएको छ ।

राष्ट्र बैङ्कको प्रतिवेदनले आर्थिक वर्ष २०८०/८१ मा फलामको छड तथा पत्ती उद्योगको क्षमता उपयोग ४१ दशमलव २५ प्रतिशत रहेको देखाएको छ । जबकि आव २०७९/८० मा फलामको छड तथा फलामको पत्ती उद्योगको क्षमता उपयोग ९१ दशमलव ९६ प्रतिशत रहेको थियो । आव २०८०/८१ म सिमेन्ट उद्योगको क्षमता उपयोग ३७ दशमलव ६९ प्रतिशत रहेको छ । जबकि आव २०७९/८० मा भने सिमेन्ट उद्योगको क्षमता उपयोग ३९ दशमलव ३९ प्रतिशत रहेको देखाएको छ । आव २०८०/८१ मा हल्का पेयपदार्थ उद्योगको क्षमता उपयोग ९७ दशमलव ७८ प्रतिशत रहेको छ । आव २०८०/८१ मा गहुँको पीठो उद्योगको क्षमता उपयोग ७३ दशमलव ६९ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग १४ दशमलव २३ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग २९ दशमलव १९ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ८५ दशमलव ७५ प्रतिशत, केमिकल लिक्युड पदार्थ उद्योगको क्षमता उपयोग ४३ दशमलव २६ प्रतिशत रहेको छ । राष्ट्र बैङ्कको प्रतिवेदनले देशमा सञ्चालित अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार पार्नुपर्ने औँल्याएको छ ।

# एकल महिलाहरुका लागि विशेष परियोजना सञ्चालन



मधेशदृष्टि
वीरगंज ।
धनुषाको लक्ष्मिनिया गाउँपालिकामा दलान नेपालको नेतृत्वमा, यूएसएआईडी सिभिल सोसाइटी मिडियाको आर्थिक सहयोग र द एशिया फाउन्डेसनको प्राविधिक सहयोग तथा लक्ष्मिनिया गाउँपालिकाको समन्वयमा ‘एकल महिलाका सामाजिक अधिकारका लागि समावेशी शासन’ परियोजना सञ्चालनमा आएको छ । यो परियोजनाको मुख्य उद्देश्य एकल महिलाहरूलाई सामाजिक अधिकारको बारेमा सचेत बनाउनु, उनीहरूलाई क्षमता अभिवृद्धि गर्दै निर्णय प्रक्रियामा समावेश गराउनुका साथै समुदायमा सकारात्मक परिवर्तन ल्याउनु हो । परियोजनाको अवधारणा अनुसार, प्रत्येक वडामा पाँचजना टोली नेतृहरू चयन गरिएको छ, जसले अन्य एकल महिलाहरूलाई सहयोग गर्ने बताइएको छ । प्रारम्भिक चरणमा एकल महिलाहरूलाई आधारभूत तहमा क्षमता विकास तालिम प्रदान गरिनेछ । पछि बृहत रुपमा क्षमता विकास तालिम दिदै उनीहरुलाई नेतृत्वको बिकास गर्ने लक्ष्य रहेको बताईएको छ । यस परियोजनाका मुख्य उद्देश्यहरू क्रमश, एकल महिलाहरूलाई उनीहरूको सामाजिक अधिकारका बारेमा जानकारी दिनु, वडास्तर र गाउँपालिका स्तरमा एकल महिलाहरूको निर्णय प्रक्रियामा समावेश गराउनु, एकल महिलाहरूका लागि वडास्तर र गाउँपालिकाले अलग्गै बजेट छुट्याउने पहल गर्नु, तथा महिलाहरूलाई सशक्त बनाएर समाजमा सकारात्मक परिवर्तन ल्याउनु रहेको परियोजना संयोजक दिलिप कुमार ईश्वरले बताएका छन । लक्ष्मिनिया गाउँपालिकामा एकल महिलाहरूका अधिकारका लागि छुट्टै बजेट व्यवस्थापन गर्न पहल गरिने तथा यो परियोजना धनुषा जिल्लाका अन्य क्षेत्रका लागि पनि नमूना बन्ने अपेक्षा गरिएको दलान नेपालका कार्यकारी निर्देशक ठाकुरले बताए । यस परियोजनाले समाजका हरेक वर्गलाई समेट्दै, पलिकाका सम्पूर्ण ७ वटै वडाका १४९ जना जेष्ठ एकल महिला र ३८३ जना एकल महिला गरी जम्मा ५३९ जना एकल महिलाहरूको सशक्तिकरण मार्फत समाजलाई समृद्ध र समान बनाउने दलान नेपालको प्रयास सराहनीय रहेको स्थानीयहरुले बताएका छन् ।

# हरिवन र हरिहरपुरगढीबीच सडक स्तरोन्नति गर्नै सम्झौता

**मधेशदृष्टि**
**बरहथवा ।**
सर्लाहीको हरिवन नगरपालिका र सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाबीच सडक स्तरोन्नति गर्ने सम्झौता भएको छ । आइतबार हरिवन नगरपालिका र हरिहरपुरगढी गाउँपालिका जोड्ने विभिन्न चार वटा सडक स्तरोन्नति गर्ने सम्झौता भएको हो । दुई पालिका जोड्ने केरावारी–रानीचुरी–रागेदोभा न सडक खण्ड, हरिवन–क्यानेश्वर सडक खण्ड, तित्रीगाछी–धुम्बे–भुताहा–बरु ण सडक र अत्रौली–केवनचुली–भुताहा–बरुण सडक स्तरोन्नतिका लागि दुवै पालिकाबीच सम्झौता भएको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले जानकारी दिए । सिन्धुलीको क्यानेश्वर र हरिहरपुरगढी गाउँपालिकाको अधिकांश गाउँका स्थानीयको व्यापारिक केन्द्र सर्लाहीको हरिवन बजार हो । व्यवस्थित सडक नहुँदा भौगोलिकरुपमा नजिक भएका सिन्धुलीका यी दुई पालिकाका नागरिकले सर्लाहीको हरिवन सम्म आउजाउ गर्न सास्ती व्यहोर्दै आएका छन् । दुवै पालिकाले आ–आफ्नो सिमानासम्म सडक स्तरोन्नति गर्ने सहमति गरेको हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाइबाले बताए ।

सम्झौतापत्रमा हरिवन नगरपालिकाको तर्फबाट प्रमुख बुढाथोकी र हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष वाईबाले हस्ताक्षर गरेका छन् ।

हरिवनबाट सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाको क्यानेश्वर हुँदै मरिण जोड्ने सडक स्तरोन्नति गर्ने विषयमा केही समय अघि बागमती प्रदेशका आर्थिक मामिला मन्त्री कुन्दनराज काफ्ले र मधेश प्रदेशका अर्थ मन्त्री सुनील यादवबीच छलफलसमेत भएको थियो । हरिवनदेखी धिमिले हुँदै हरिहरपुरगढीको क्यानेश्वरसम्म १३ किलोमिटर र क्यानेश्वरदेखि मरिणसम्म २२ किलोमिटर गरी मरिणसम्म ३५ किलोमिटर दूरी रहेको छ ।


## वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षण गरौं सामाजिक, आर्थिक र पर्यावरणीय क्षति न्यून गरौं ।

### वन डढेलो लाग्ने कारणहरू

- विंडी, चुरोट खाएर ननिभाई वनमा फाल्नाले ।
- नयाँ घाँस उर्मानको लागि आगो लगाउनाले ।
- गोल पोलेर आगो ननिभाई छाड्नाले ।
- वनभोज गरी आगो ननिभाई छाड्नाले ।
- वन्यजन्तु भगाउन आगो लगाउनाले ।
- गोठालो तथा केटाकेटीले वनमा आगो बाली ननिभाई छाड्नाले ।
- खेतबारीको झारपात, सिठा दाउरा तथा झिजामिजा डढाउन आगो बाल्नाले ।



### हुन सक्ने हानी नोक्सानीहरू

- भुईमा झरेको बीउ डढेर उम्रिन नपाउँने ।
- साना बोट बिरुवाहरु जली नष्ट हुने ।
- जैविक विविधतामा ह्रास आउँने ।
- वन्यजन्तु तथा तिनीहरुको वासस्थानको विनाश हुने ।
- वन डढेलो मानव वस्तीसम्म फैली धन जनको क्षति हुने ।



### अपनाउनु पर्ने उपाय तथा सावधानीहरू

- अग्निरेखा बनाउने तथा मर्मत सम्भार गर्ने ।
- ज्वलनशील वस्तु लिएर वनमा नजाने ।
- वन जंगल भित्र गोल नपोल्ने ।
- वन डढेलोको असरबारे जनचेतना अभिवृद्धि गर्ने ।
- खोटो संकलित सोलीहरु समयमै हटाउने ।
- सल्लीपिर, पात-पतिङ्गर तथा झाडी सफाईबाट उत्पादित
- झिजामिजा समयमै हटाउने ।



### नियन्त्रणका उपायहरू

- आगो निभाउन हरियो स्याउलाले पिट्ने ।
- आगो निभाउन माटोको प्रयोग गर्ने ।
- विपरित दिशाबाट नियन्त्रित आगो लगाउने ।
- अग्नि नियन्त्रित साधनहरुको प्रयोग गर्ने ।
- जागो अगाडि बढ्न नदिन सल्लीपिर तथा पात-पतिङ्गर सफा गर्ने ।



डिभिजन वन कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा, मधेश प्रदेश, नेपाल

सम्पादकीय

# सर्लाहीका होटलमा सुधारको अपेक्षा

*सर्लाही तराईको प्रमुख व्यापारिक र सांस्कृतिक केन्द्र हो । यहाँ बढ्दो व्यापार, उद्योग र आवागमनका कारण होटल व्यवसाय तीव्ररूपमा विकास भइरहेको छ । विभिन्न स्तरका होटल र रेस्टुरेन्ट सञ्चालनमा आए पनि यी व्यवसायले ग्राहक सन्तुष्टिमा महत्वपूर्ण चुनौती सामना गरिरहेका छन् । ग्राहकले होटलबाट उच्चस्तरको सेवा, सरसफाइ, खानाको गुणस्तर र मैत्रीपूर्ण वातावरणको अपेक्षा गर्छन् । तर, सर्लाहीका धेरै होटलले यी मापदण्ड पूरा गर्न सकेका छैनन् । विशेषगरी, सफाइ अभाव, खाना पकाउने प्रक्रिया र गुणस्तरमा ध्यान नपुग्ने तथा कर्मचारीको व्यवहारको कमजोरीजस्ता समस्याले ग्राहक असन्तुष्ट छन् । ग्राहकको अपेक्षा अनुसारको सेवा गुणस्तरमा होटल व्यवसायीको ध्यान नपुग्दा सेवाग्राही असन्तुष्ट देखिएका छन् । होटल तथा रेस्टुरेन्ट क्षेत्रमा आवश्यक दक्ष कर्मचारी अभाव यहाँको प्रमुख समस्या हो । तालिम प्राप्त र अनुभवी कर्मचारी अभावले सेवा गुणस्तरमा गिरावट आएको छ । धेरैजसो होटलले स्थानीयस्तरमै कर्मचारी भर्ना गर्ने गरेका छन्, तर उनीहरूलाई आवश्यक तालिम नदिई काममा लगाइने भएकाले ग्राहकलाई गुणस्तरीय सेवा दिन सकिएको छैन । तालिम प्राप्त कर्मचारी राख्दा उचित पारिश्रमिक दिनुपर्ने भएकाले कम पारिश्रमिकमा कर्मचारी राख्दा दक्ष कर्मचारी नराख्ने गरेका कारण साथै पर्याप्त पूर्वाधार र सुविधा अभावका कारण सेवाग्राही (ग्राहक) असन्तुष्ट हुने गरेको पाइएको छ ।*

*सर्लाहीका अधिकांश होटलले आधुनिक पूर्वाधार र सुविधाको कमी सामना गरिरहेका छन् । वातानुकूलित कोठा, अनलाइन बुकिङ प्रणाली, उच्चस्तरको वाइफाइ सेवा जस्ता सुविधाका साथै उचित पार्किङ अभावले ग्राहकलाई असहज बनाएको छ । यस्तै, खानाका परिकारमा विविधता र सुरक्षामा पनि सर्लाहीका अधिकांश होटलले ध्यान नपुर्याएको पाइएको छ । सर्लाहीमा होटल व्यवसाय तीव्र वृद्धि भएको छ । प्रतिस्पर्धा बढाएको छ । तर, धेरैजसो होटल व्यवसायीबीच व्यावसायिक रणनीतिमा कमी देखिन्छ । मार्केटिङ, ग्राहक प्रतिक्रिया संकलन र ग्राहकलाई पुनःआकर्षित गर्न नयाँ कार्यक्रमको कमीले प्रतिस्पर्धामा टिक्न समस्या भएको छ । होटलहरुको सेवा गुणस्तर सुधारमा प्रतिस्पर्धा नगर्ने तर अनावश्यक र गैरकानूनी धन्दामा प्रतिस्पर्धा गरेका कारण एकदिन भए पनि घरभन्दा बाहिर शान्त वातारणमा पारिवारिक बसाइका लागि विभिन्न ठाउँबाट सर्लाहीका होटल तथा रेष्टुरेन्टमा आउने ग्राहक दिक्दार भएर फर्किनु पर्ने बाध्यता छ भने होटलमा पाइने सामानमा समेत चर्का◌ शुल्क असुली हुँदा ग्राहक मारमा परेका छन् ।*

*यस्ता यावत समस्या समाधान गर्न होटल व्यवसायीले निश्चित कदम चाल्नुपर्नेमा त्यसतर्फ जिल्लाका ठूला होटल सञ्चालकहरुको समेत ध्यान नपुगेको देखिन्छ । कर्मचारीलाई तालिम प्रदान गरेर सेवा गुणस्तर सुधार गर्न, होटलको सरसफाइ र खानाको गुणस्तर सुधार गर्न, उचित पार्किङको व्यवस्थाका साथै आधुनिक प्रविधि र सुविधामा लगानी गरेर ग्राहकलाई सुविधासम्पन्न सेवा उपलब्ध गराउन जरुरी देखिएको छ । त्यस्तै, ग्राहकको प्रतिक्रिया संकलन गर्दै उनीहरूको अपेक्षाअनुसार सेवा सुधार गर्न जिल्लाका कुनैपनि होटल व्यवसायीहरुले काम गरेको तथ्यांक छैन् । होटल व्यवसायीले संयुक्तरूपमा रणनीति बनाएर प्रतिस्पर्धात्मक वातावरणलाई सकारात्मक बनाउँदै होटलको सेवा तथा सुविधामा प्रतिस्पर्धा गर्न आवश्यक रहेको जानकारहरु बताउँछन् । सर्लाहीको होटल व्यवसायले पर्यटन, व्यापार र सांस्कृतिक क्षेत्रको विकासमा ठूलो योगदान दिनसक्ने भए पनि अहिले पर्यटन र सांस्कृतिक क्षेत्रको विकासमा कुनै पनि होटलको ध्यान पुगेको छैन । बरु कसरी कमाउन सकिन्छ भनेर गैरकानूनी धन्दामा प्रतिस्पर्धा गर्ने प्रचलनका कारण जिल्लामा विकृति बढ्दै गएको प्रति जानकारले चिन्ता व्यक्त गरेका छन् ।*

# सुदूरको ठूलो पर्यटन पूर्वाधार, जाल्पादेवी केबलकार

सोमनाथ लामिछाने

नेपाल प्रिमियर लिग क्रिकेट (एनपिएल)को फाइनलमा सुदूरपश्चिम रोयल्स पुग्नु अघिदेखि नै कीर्तिपुर रंगशालामा अर्कै माहोल थियो । खेलको बिचबिचमा बजाइने लोकप्रिय देउडा गीत र नृत्यमा झुम्दै गरेका दर्शकहरूले सुदूरपश्चिमलाई राम्रैसँग परिचित गराएका थिए । सुदूरपश्चिम अब टाढा होइन, आमनेपालीको मनमुटुमा र केन्द्रमै छ भन्ने सन्देश त्यहाँ देखिन्थ्यो, सुनिन्थ्यो ।

देशको भूगोलमा त सुदूरपश्चिम टाढै छ, तर धेरै कुरामा केन्द्रमा छ । राजनीति होस् या कला संगीत, प्रशासन होस् या सुरक्षा । अनेक आयाममा राष्ट्रको केन्द्रमा छ सुदूरपश्चिम । यी क्षेत्रमा प्रायः प्रभावशाली भूमिकामै देखिन्छ यो प्रदेश ।अहिले पनि सुदूरपश्चिम प्रदेशबाट संघीय मन्त्रिपरिषदमा संख्या र प्रभावका आधारमै महत्त्वपूर्ण जिम्मेवारीमा छन् । यसअघि पटकपटक सुदूरपश्चिमले मुलुकको शासनको बागडोर सम्हालेको त छँदै छ ।

यसबाहेक संस्कृति, पर्यटन र प्रकृतिको कुरा गर्ने हो भने पनि अरूभन्दा सम्पन्न छ, सुदूरपश्चिमको भूगोल । धार्मिक पर्यटकीय क्षेत्र, जलस्रोतको अथाह भण्डार, जडीबुटीसमेत अनेकन प्राकृतिक स्रोतसाधनले भरिपूर्ण मानिन्छ यहाँको माटो । यति हुँदाहुँदै पनि यो क्षेत्रमा पर्यटन होस् या अन्य पूर्वाधारले भने अपेक्षाकृत कमी नै छ यहाँ । जलविद्युत् उत्पादनमा केही लगानी त देखिन्छ, तर मुलुकको निजी क्षेत्र खासै ठुला परियोजनामा यहाँ अघि सरेको देखिएको छैन ।

सायद यसैकारण पनि हुन सक्छ राजधानी काठमाडौंबाट निकै टाढा भएकैले आफूहरू हेपिएको गुनासो यहाँका आममानिसमा व्याप्त छ । सरकार र निजी क्षेत्र दुवैको लगानी सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च हिमाली जिल्लामा अन्य प्रदेशको तुलनामा कमै रहेको मात्र होइन, मानव विकास सूचकांकमा पनि यी दुवै प्रदेश धेरै पछि रहेका छन् । तर, यतिखेर भने सुदूरपश्चिममा पूर्वाधारको लगानीमा उत्सुकता देखिन थालेको महसुस भएको छ ।



खासगरी पर्यटन पूर्वाधार निर्माण, उद्योग स्थापना तथा मेडिकल कलेज स्थापनाजस्ता केही क्षेत्रमा निजी क्षेत्र आकर्षित हुन थालेका छन् । रोजगारीको विकराल समस्या भोगिरहेको सुदूरपश्चिमबाट बर्सेनि हजारौँ मानिस छिमेकी भारतका विभिन्न सहर, बजारमा कामका लागि भौँतारिरहेको अवस्थामा नेपालभित्रै रोजगारी सिर्जना गर्ने प्रयत्न हुनु आफैँमा ठुलो उपलब्धि हो ।

यही सिलसिलामा हालै मात्र आइएमई समूहले सुदूरपश्चिममै पहिलोपटक झन्डै पाँच अर्ब लगानीमा जाल्पादेवी केबलकार निर्माण गर्ने गरी शिलान्यास गरेको छ । पछिल्ला वर्षहरूमा सरकारी एवं निजी क्षेत्रको लगानी खुम्चिरहेको र लगानीकर्ताहरूमा संशयका बिच कैलालीको कर्णाली पुल नजिक चिसापानीमा जोखिम मोलेर यति ठुलो लगानीमा केबलकारसहित पर्यटन पूर्वाधार बन्न लागेको छ । नेपालसहित सीमावर्ती भारतीय पर्यटकलाई समेत आकर्षित गर्ने गरी निर्माण हुन लागेको यस पर्यटन पूर्वाधारमा केबलकारसहित पाँचतारे होटेल, बालउद्यान, जिपलाइन, क्यासिनोसमेतका संरचना बन्न लागेको आइएमई समूहका अध्यक्ष चन्द्र ढकालले बताए ।

निजी क्षेत्रबाट सुदूरपश्चिममा यति ठुलो लगानी भएकै यो पहिलो हो, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका ढकालले भने, 'हामी जोखिम मोलेरै यो ठाउँमा आएका छौँ । यस परियोजनाले अरूलाई पनि सुदूरपश्चिममा लगानी गर्न उत्प्रेरित गर्ने हाम्रो विश्वास छ । देशका सातै प्रदेशमा कम्तीमा एउटा केबलकारसहित होटेल तथा अन्य एकीकृत पर्यटकीय संरचना निर्माणको अभियानअन्तर्गत सुदूरपश्चिम आइपुगेका छौँ ।'

सुन्दर कर्णाली पुल तर्नासाथ सुदूरपश्चिम प्रदेश सुरु हुन्छ । यो पुलको पश्चिमतर्फ कैलाली जिल्लामा निर्माण हुने यो बृहत् पर्यटन पूर्वाधारको परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हालै शिलान्यास गरेकी हुन् । यो पूर्वाधार सुदूरमै लगानीको नयाँ ढोका खुल्न लागेको शिलान्यास समारोहमा मन्त्री डा. राणासहितका सहभागी मन्त्रीहरू र पर्यटन व्यवसायीहरूले बताएका थिए ।

अध्यक्ष ढकालका अनुसार झन्डै ३.२ किलोमिटर लामो यस केबलकारले चिसापानी र मोहन्याल गाउँपालिकाको राजकाँडालाई जोड्नेछ । यो नेपालमा हाल सञ्चालित केबलकारमध्ये सबैभन्दा लामो हो । यसमा ४० वटा गोन्डोला रहने पनि ढकालले जानकारी दिए । विश्वकै उत्कृष्ट इटालियन कम्पनीका उपकरण जडान गरेर निर्माण हुने यस केबलकारले कैलालीको सबैभन्दा दुर्गम मानिएको मोहन्याल गाउँपालिकाको राजकाँडालाई जोड्नेछ । तुलनात्मक रूपमा हरेक मौसममा चिसो हावा बहने राजकाँडाबाट कर्णाली नदी, उत्तरतर्फ अपी र सैपाल हिमाल, सुर्खेत, डडेल्धुरासमेतका धेरै जिल्लाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ ।

जाल्पादेवी केबलकार निर्माणको शिलान्यास समारोहमा सम्बोधन गर्दै परराष्ट्रमन्त्री डा. राणाले कर्णाली नदी पश्चिममा लगानी गर्न निजी क्षेत्र आउनु प्रदेशकै लागि गौरवको कुरा भएको बताइन् । 'हामी त वर्षौंदेखि यो दिनको पर्खाइमा थियौँ, आज त्यो दिन आएको छ । अब अरू व्यवसायीलाई पनि सुदूरपश्चिम आउने ढोका खुलेको छ । सुदूरपश्चिममा त जनता पनि गरिब छन् । यहाँ साधनस्रोत पनि छैन, लगानी उठ्दैन भन्ने धेरैको सोचलाई अब यो परियोजनाले बदलिदिएको छ । कसै न कसैले जोखिम लिनैपर्थ्या◌े, आइएमई ग्रुपले यो आँट लिएर अरूलाई पनि अब यहाँ आउन ढोका खोलिदिएको छ,' मन्त्री डा. राणाले भनिन् ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले पनि सुदूरपश्चिममा निजी क्षेत्रले यति ठुलो परियोजना विकास गर्न थालेकामा खुसी हुँदै भने, 'पूर्वाधार निर्माणमा वन क्षेत्र बाधक भए त्यसलाई सुल्झाउन र सहजीकरण गर्न वन मन्त्रालय तयार रहेको छ । हामी निजी क्षेत्रसँग हातेमालो गर्न तयार छौँ ।' अझ, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम प्रदेशमा लगानी गर्न चाहने निजी क्षेत्रका लागि जमिन, विद्युत् र सडक निर्माणमा सहजीकरण गरी उपयुक्त वातावरण तयार गर्न हरक्षण तत्पर रहेको बताए । आफूहरूले प्रदेशमा लगानी सम्मेलन आयोजना गरेको, निजी क्षेत्रका उद्योगी–व्यवसायीलाई प्रदेशमा लगानीका लागि निरन्तर संवाद र आग्रह गरिरहेको बताउँदै उनले चिसापानीमा केबलकार बनाउने योजना सुनेदेखि नै आफूले सहजीकरण गरिरहेको सुनाए ।

कैलालीका उद्योगी एवं जाल्पादेवी केबलकार परियोजनाका साझेदार सूर्यबहादुर थापाले केबलकार निर्माणका क्रममा आफूहरूले अनेकन चुनौतीको सामना गरे पनि अन्ततः सफलतातर्फ उन्मुख भएको बताए। उनले भने, 'सरकार र निजी क्षेत्र मिलेर सिंगो सुदूरपश्चिमका आकर्षक धार्मिक तथा पर्यटकीय गन्तव्यहरूलाई विकास गर्नुपर्छ । यी पूर्वाधार निर्माणले यहाँ रोजगारी सिर्जना हुनाका साथै राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुग्नेछ ।'

सुदूरपश्चिम प्रदेशलाई देवभूमिका रूपमा पनि चिनिन्छ । यो प्रदेशसँगै महाकालीपारिको भारतको उत्तराखण्ड क्षेत्रसमेतमा थुप्रै मठमन्दिर रहेकाले यो समग्र क्षेत्रलाई देवभूमि भन्ने गरिएको हो । बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको संगम क्षेत्र खप्तड पर्यटकीय रूपमा महत्त्वपूर्ण छ । यहाँ त्रिवेणीधामका साथै २२ पाटन छन् । समुद्री सतहबाट तीन हजार २२७ मिटरको उचाइमा रहेको यो क्षेत्र २२५ वर्गकिलोमिटरमा फैलिएको छ । कैलालीको कर्णाली नदीमाथि बनेको एक खम्बे (स्टेट केबुल ब्रिज) पुल, तत्कालीन राजा महेन्द्रले वि.सं. २०२८ मा एक महिना बसेर राजकाज गरेको इतिहास रहेको कैलालीको टीकापुरस्थित टीकापुर उद्यान, कैलालीकै घोडाघोडीस्थित विश्व रामसार क्षेत्रको सूचीमा सूचीकृत घोडाघोडी ताल क्षेत्र यहीँ छ ।

यसैगरी, बाहुसिंगाको झुन्ड देख्न सकिने कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, सोही जिल्लाको महाकाली नदीमाथि बनेको नेपालकै लामोमध्येको झोलुङे पुल, डडेल्धुराको ऐतिहासिक अमरगढी किल्ला, अजयमेरुकोटको दरबार, अछामको रमारोशन क्षेत्र (१२ ताल अठार ठुला मैदान भएको क्षेत्र), वैद्यनाथधाम, चुरे पहाडको फेदमा रहेको कैलालीको गोदावरीधाम क्षेत्र, सीमापारि भारतीय नागरिकका कुलदेवता मानिने कैलालीको बेहँडाबाबा धाम, डडेल्धुराको उग्रतारा मन्दिर, घटाल बाबाको मन्दिर र महाकाली नदीकिनारको पर्शुराम धाम, डोटीको शैलेश्वरी मन्दिर र बड्डीकेदारधाम, बैतडीको त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी र भूमेश्वर महादेवको गुफा, बाजुराको बडिमालिका आदि मुख्य छन् ।

कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवर कर्णाली चिसापानीमा केबलकार स्थापनाको योजनाले प्रदेशको आर्थिक गतिविधिमा ठुलो टेवा पुग्ने बताउँछन् । होटेल, रेस्टुरेन्ट, यातायातलगायत क्षेत्रको गतिविधि पनि बढ्न गई समग्रमा आर्थिक समृद्धिमा टेवा पुग्नेछ । चिसापानी क्षेत्र सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको केन्द्र भाग रहेकाले यहाँ बन्न लागेको केबलकार मुख्यगरी भारतीय पर्यटकलाई लक्षित गरेर स्थापना गर्न लागिएको भन्दै उनले भने, 'सुदूरपश्चिम र लुम्बिनी प्रदेशनजिकका भारतीय क्षेत्रमा केबलकार सञ्चालनमा नरहेकाले चिसापानीमा केबलकारको योजना ल्याउनु निकै सान्दर्भिक छ ।' उनले भने, 'हाम्रो यहाँ त्यति धेरै जनसंख्या छैन, भारतको उत्तरप्रदेशमा २४ करोडभन्दा बढी जनसंख्या छ, आन्तरिक पर्यटकसँगसँगै भारतीय पर्यटकलाई भित्राउन सकेमा केबलकारको योजनाले आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ ।'

मोहन्याल गाउँपालिकाका प्रमुख देवीदत्त उपाध्यायले विकास पूर्वाधारका दृष्टिले सबैभन्दा पिछडिएको चुरे पहाडमा अवस्थित मोहन्यालको आर्थिक विकासमा यस परियोजना निर्माणले ठुलै टेवा दिने विश्वास व्यक्त गरे। मोहन्याल क्षेत्रमा उत्पादन हुने वस्तुको खपत हुने, स्थानीय जनताले उत्पादित वस्तुको राम्रो मूल्य पाउने, 'होम स्टे' अझ फस्टाउने तथा गाउँपालिका क्षेत्रमा रहेका अन्य पर्यटकीय क्षेत्रको विकास र प्रवद्र्धनमा मद्दत पुग्ने बताए ।

कैलालीको चिसापानीसमेत ठूलो बजार र औद्योगिक क्षेत्र ओगटेको लम्कीचुहा नगरपालिकाकी प्रमुख सुशीला शाहीले सुदूरपश्चिम प्रदेशको प्रवेशद्वारका रूपमा रहेको चिसापानीमा केबलकार निर्माणले पर्यटकीय गतिविधि बढ्ने र व्यावसायिक पूर्वाधार निर्माणमा निजी क्षेत्र थप उत्साहित हुने बताइन् । सुदूरपश्चिमको कैलाली चिसापानीमा निर्माण हुने यस पूर्वाधारले सुदूरपश्चिमका साथै लुम्बिनी क्षेत्रका नेपालगन्ज, बर्दियासमेतका क्षेत्रको पर्यटन प्रवद्र्धनमा सघाउने व्यवसायी सूर्यबहादुर थापाको भनाइ छ ।

हुन पनि कर्णालीवारि लुम्बिनी प्रदेशको बर्दिया छ भने पुल तर्नासाथै दाहिनेपट्टिबाट लाग्ने बाटोले छोटो दूरीमै सुर्खेत भएर कर्णाली प्रदेशलाई जोड्छ । अनि केबलकार निर्माणस्थल त सुदूरपश्चिमको कैलाली भइहाल्यो । जसरी यो स्थान तीन प्रदेशको संगमस्थल छ त्यसैगरी, पर्यटनको पनि त्रिवेणी छ भन्दा हुन्छ । किनभने कर्णालको ¥याफ्टिङ र बर्दिया राष्ट्रिय निकुञ्ज त पर्यटनका विश्वप्रसिद्ध आकर्षण नै हुन् । त्यसैले आफैँमा सुन रहेको यो ठाउँमा केबलकारले सुगन्ध थप्ने विचार शिलान्यास समारोहमा उपस्थित स्थानीयले राखेका थिए । रासस

# सिक्लेसमा ठेलो हान्ने मेला

कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा दुई सय वर्षअघि देखिको इतिहास जोडिएको माघे सङ्क्रान्ति मेला भोलिदेखि सुरु हुने भएको छ ।

कास्की र आसपासका क्षेत्रमा प्रचलित प्राचीन मेलाहरूमध्येको यो मेला मेला सिक्लेस युवा क्लबको आयोजनामा गर्न लागिएको हो । सिक्लेसमा माघे सङ्क्रान्तिका दिनमा ठेलो हान्ने प्राचीन परम्परा दुई सय वर्षअघि देखि प्रचलनमा आएको इतिहासअनुसार त्यही समयदेखि नै यो मेला हुँदै आएको विश्वास गरिन्छ ।क्लबका अध्यक्ष भोलामान गुरुङले उनले 'ग्रामीण पर्यटन प्रवद्र्धनका लागि सिक्लेस माघे सङ्क्रान्ति मेला' भन्ने नाराका अवसरमा मेला गर्न लागिएको बताए ।

उनका अनुसार माघ १ देखि ४ गतेसम्म खुला पुरुष तथा महिला भलिवल, पुरुष बास्केटबल, गुरुङ गीतमा सामूहिक नृत्य प्रतियोगिता, ठेलोलगायत लोपोन्मुख स्थानीय खेलकुदका प्रतियोगितासहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिनेछ ।मेलाका अवसरमा हुने खुल्ला पुरुष भलिबल प्रतियोगिताका विजयीले एक लाख रुपैयाँ नगदका साथमा मेडल र प्रमाणपत्र, द्वितीय हुनेले ७० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ । त्यस्तै, खुल्ला महिला भलिबलतर्फ प्रथम हुनेले ३० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले २० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र पाउनेछन् । खुल्ला पुरुष बास्केटबलतर्फ प्रथम हुनेले एक लाख रुपैयाँसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ७० हजार रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र पाउनेछन् ।



मेलामा गुरुङ भाषा गीतको सामूहिक नृत्यमा प्रथम हुनेले ६० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ४५ हजार रुपैयाँ, मेडल र प्रमाणपत्र पाउनेछन् । तेस्रो हुनेले ३० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र पाउने जनाइएको छ ।

प्रतियोगिताअन्तर्गत ठेलो खेलका विजेताले ४५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ४० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउनेछन् । सभायुला युवा परिवारले सञ्चालन गर्ने ठेलो प्रतियोगिताको प्रमुख आतिथ्यता ठेलो प्रतियोगिताका पूर्वविजेता केशबहादुर गुरुङले गर्ने जनाइएको छ ।

पोखराबाट करिब ४० किमीको दूरीमा कास्कीको उत्तरपूर्वी भेगमा रहेको सिक्लेस मादी गाउँपालिका–१ अन्तर्गत अन्नपूर्ण हिमाल र लमजुङ हिमाल काखमा रहेको छ । यहाँ चार सय ५० घरधुरी रहेका छन् । ग्रामीण पर्यटन केन्द्रका रुपमा विकास भइरहेको यहाँ पर्यटकको सुविधालाई लक्षित गरी सुविधासम्पन्न ४७ वटा होटल दर्ता भई सञ्चालनमा रहेका छन् ।

त्यसैगरी, ३६ वटा घरबास सञ्चालनमा छन् । पर्यटकीययाममा एक हजार पाँच सयदेखि दुई हजार जनासम्म पर्यटक सिक्लेसमा घुम्न आउने गरेको मादी गाउँपालिका–१ का वडाअध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिए ।

सिक्लेसमा करिब नौ सय वर्षअघि देखि नै बसोबास सुरु भएको अनुमान गरिने बताउँदै उहाँले दुई सय वर्षअघि देखि यहाँ माघे सङ्क्रान्तिका अवसरमा ठेलो हान्ने प्रचलन रहेका कारण त्यसैबेलादेखि सिक्लेस माघे सङ्क्रान्ति मेला सुरु भएको अनुमान गरिने जानकारी दिए । पछिल्लो समय सिक्लेस जाने बाटोलाई व्यवस्थित गर्ने उद्देश्यका साथ तेस्रो खण्डको काम सुरु हुन लागेको उनले जानकारी दिए । काहुँखोला सिक्लेस सडकमा अहिले तस्रो खण्डको कालोपत्र गर्ने काम सुरु गर्न लागिएको उनले बताए । गाउँ तथा पर्यटकको सुरक्षाका लागि ६४ स्थानमा सिसी क्यामेरा जडान गरिएको उनले जानकारी दिए । स्थानीयको सेवाका लागि चाँडो काम गर्न प्रविधिमैत्री काम थालिएको बताउँदै उनले कतिपय अवस्थामा जनतालाई कार्यालयसम्म जान नपर्ने सुविधा समेत दिइएको बताए । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# राष्ट्रपतिद्वारा निर्माणाधीन संघीय संसद् भवनको अवलोकन



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले निर्माणाधीन संघीय संसद् भवनको अवलोकन गरेका छन् । सिंहदरबार परिसरभित्र निर्माणाधीन भवनको सोमबार राष्ट्रपति पौडेलले अवलोकन गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । सो क्रममा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहालको उपस्थित रहेको थियो ।

राष्ट्रपति पौडेललाई अवलोकनका क्रममा सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले सो भवन निर्माणमा भइरहेको प्रगतिबारे जानकारी गराएका थिए । पौडेलले भवनसम्बन्धी विभिन्न जिज्ञासा राख्दै सम्बद्ध पक्षलाई यथाशक्य चाँडो सक्न निर्देशन पनि दिए ।

संघीय संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभा, संसदीय समितिहरू, संसदीय दलका कार्यालयसमेत रहने गरी १२ वटा ब्लकसहितको संरचना निर्माण गरिएको छ ।

१ सय ७३ रोपनी क्षेत्रमा फैलिएको परिसरको ४५ प्रतिशत भूभागमा प्रतिनिधिसभा र राष्ट्रियसभा रहनेछ। संघीय संसद भवन नहुँदा २०६४ पछि सरकारले नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई भाडामा लिएर संसद भवनको रूपमा प्रयोग गर्दै आएको छ ।रासस

# राष्ट्रपतिसमक्ष पाँच अध्यादेश सिफारिस

**काठमाडौं ।**
सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पाँच वटा अध्यादेश जारी गर्न सिफारिस गरेको छ ।

मन्त्रिपरिषद्को गत शुक्रबारको बैठकले 'सुशासन प्रवद्र्धधन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१,' आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१', आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व(पहिलो संशोधन), २०८१', निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन, २०८१ गर्न बनेको अध्यादेश' जारी गर्न राष्ट्रपतिसमक्ष पेस गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रिपरिषद् बैठकका निर्णय सोमबार सार्वजनिक गर्दै 'समृद्धिका लागि वन परियोजना' लागि विश्व बैंकबाट प्राप्त हुने एक अर्ब ६३ करोड रुपैयाँ अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिए ।

बैठकले नागरिक लगानी कोषको चुक्ता पूँजी वृद्धि गरी छ अर्ब ४८ करोड १७ लाख १२ हजार २ सय ५० रुपैयाँ कायम गर्न स्वीकृति दिएको, चालु आर्थिक वर्षका लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु तीन हजार आठ सय६७/३८ निर्धारण गरेको छ ।

सरकारका प्रवक्ताका अनुसार संयुक्त बजार अनुगमन निर्देशिका २०६९, शहीदका परिवारलाई पेट्रोलियम पदार्थको विक्रेता नियुक्त गर्दा र टैंक ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिनेसम्बन्धी कार्यविधि २०६७ र उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि २०७८ खारेज गर्ने निर्णय गरेको छ ।

बैठकले राजस्व न्यायाधिकरण काठमाडौँको कानुन अध्यक्ष पदमा उच्च अदालत पाटनका न्यायाधीश ब्रजेश प्याकुरेललाई, विशेष अदालत काठमाडौँको सदस्यमा उच्च अदालत पाटनका न्यायाधीश विदुर कोइरालालाई नियुक्त गर्ने तथा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका १५ जना अधिकृतलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने र नौ जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई गर्ने निर्णय गरेको छ ।

सरकारले अध्यागमनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

प्रहरी नायव महानिरीक्षकहरू कुवेर कडायत र रवीन्द्र केसीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने निर्णय गरेको छ ।

यसैगरी बैठकले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्ने निर्णय गरेको छ । सरकारको नाममा दर्ता रहेको रुपन्देही जिल्ला साविक लुम्बिनी आदर्श गाविस को ३–१०–११ बिघा सरकारी प्रकृतिको जग्गा लुम्बिनी सांकृतिक नगरपालिका, रुपन्देही र पर्सा जिल्ला साबिक विजबनिया गाविसको ०–१०–० बिघा सरकारी जग्गा जगरनाथपुर गाउँपालिका, पर्सालाई उपयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ । सरकारले पारमाणविक पदार्थको नियमनसम्बन्धी निर्देशिका, २०७२ खारेज गरेको छ ।

बैठकले सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिने र श्रम, रोजगार तथा सामाजिक सुरक्षा र पर्वतारोहणसम्बन्धी (छैटौँ संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ ।

सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा सहसचिव बाबुराम अधिकारी र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा सहसचिव मदन भुजेललाई कायम मुकायम मुकरर गर्ने निर्णय गरेको छ ।रासस

# 'सार्वजनिक यातायातमा अपांगता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्नुपर्ने'

काठमाडौँ ।
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय शारीरिक अपाङ्ग सङ्घले सोमबार काठमाडौँमा आयोजना गरेको 'सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि' विषयको राष्ट्रिय कार्यशालामा मन्त्री दाहालले सडक संरचना अपाङ्गमैत्री बनाउन सरकार लागिपरेको बताए । उनले भने, 'हामीले सुरक्षित पूर्वाधार निर्माणमा जोड दिएका छौँ । सडक एवं सवारी दुर्घटनामार्फत हुने अपाङ्गता न्यूनीकरणका लागि हामी प्रतिबद्ध छौँ ।'

सडक तथा सवारी दुर्घटना अपाङ्गता सिर्जना हुने जोखिमको क्षेत्र भएकाले यसलाई सुरक्षित बनाउन सबै पक्षको सहकार्यको आवश्यकता रहेको मन्त्री दाहालले उल्लेख गरे । सार्वजनिक सवारीसाधनमा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिन यातायात व्यवसायी एवं मजदुरलाई आग्रह गरे ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सबै सवारीसाधनमा अपाङ्गतामैत्री व्यवहारका लागि मजदुर एवं व्यवसायीलाई अभिमुखीकरण गर्ने गरिएको बताए । नयाँ सवारीसाधन आयात गर्दा सरकारले प्रोत्साहन गरे अपाङ्गतामैत्री सवारीसाधन भित्राउन सकिने उनले बताए ।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष देवीदत्त आचार्य, साझा यातायातका अध्यक्ष कनकमणि दिक्षित, आयोजक संस्थाका पूर्वअध्यक्ष किरण शिल्पकार, विभिन्न मजदुर सङ्गठनका प्रतिनिधिलगायतले सार्वजनिक सवारीसाधनमा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धिका लागि अपाङ्गमैत्री संरचनाको खाँचो रहेको बताए ।रासस

# संसद् बैठक शीघ्र आह्वान गर्न नागरिक समाजको आग्रह

**काठमाडौँ ।**
नागरिक समाजका अगुवाहरुले यथाशक्य चाँडो संसद् बैठक आह्वान गर्नुपर्नेमा जोड दिँदै सबै ऐनकानुन सदनबाटै बन्नुपर्ने बताएका छन् । नागरिक समाजका अगुवाहरुको बैठकमा उनीहरुले यस्तो आग्रह गरेका हुन् ।

नागरिक समाजका अगुवाहरु केदारनरसिंह केसी, गोपालकृष्ण घिमिरे, निर्मला शर्मा, विष्णु निष्ठुरी, उपेन्द्रकेशरी न्यौपाने, प्रेमबहादुर खड्का, शेरबहादुर केसी, युवराज घिमिरे, चरण प्रसाईं, डा.चोपलाल भुसाल, राजन कुइँकेल, डा. अनिलविक्रम कार्की, डा.सञ्जीव तिवारी, डा.भूपेन्द्र बस्नेत, डा.बद्री रिजाललगायत समाजका सदस्यहरुको आइतबार बैठक बसेको थियो ।

बैठकले अध्यादेशको मार्ग नरोज्न सरकारको ध्यानाकर्षण समेत गराएको छ ।रासस

# कुनै दल फुटाउने र मिलाउने काम गर्दिनः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दल विभाजनसम्बन्धी कानुनलाई सच्याउनुपर्ने आवश्यकता भए पनि कुनै दललाई फुटाउने र मिलाउने काम आफ्नो नभएको स्पष्ट गरेका छन् ।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीलाई सोमबार प्रधानमन्त्री निवास, बालुवाटारमा बधाई तथा शुभकामना दिने क्रममा प्रधानमन्त्री ओलीले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन लाग्यो भनेर झुठ र नकारात्मकता फैलाइएकामा चिन्ता व्यक्त गरे । उनले कुनै पनि दल मिल्ने र फुट्ने ती दलको आन्तरिक विषय भएको स्पष्ट गरे ।



उनले विगतमा आफू प्रधानमन्त्री हुँदा कुनै दल विभाजन हुने स्थिति आएमा संसदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत पु¥याउनुपर्ने संविधानको व्यवस्था कार्यान्वयनमा जटिलता आएकाले संसदीय दल वा केन्द्रीय कमिटीमा ४० प्रतिशतको प्रबन्ध गरेर अध्यादेश ल्याए पनि विरोध आएपछि फिर्ता लिएको बताए ।

तत्कालीन समयमा विरोध गर्नेहरुले नै पछि २० प्रतिशत सांसदले विभाजन गर्न पाउने भन्ने व्यवस्था गरेर दल विभाजन गराएको स्मरण गर्दै उनीहरुले नै अहिले अध्यादेशको विरोध गरिरहेको उनको भनाइ थियो ।तर आफूले भने त्यसो गर्ने कुनै मनसाय नरहेको पनि प्रधानमन्त्रीले उल्लेख गरे ।

प्रधानमन्त्री ओलीले मुलुक विकास र जनताका सेवालाई ध्यानमा राखेर सरकारले राष्ट्रपतिसमक्ष विभिन्न अध्यादेश सिफारिस गरेको बताए । उनले सो विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विरोध गरेको भनी झुठो वक्तव्य प्रचार गरिएको उल्लेख गर्दै यस्ता घटनाबाट नेपाली पत्रकारिता बच्नुपर्नेमा जोड दिए । यस्ता सूचना र समाचारका कारण जनताको सूचनाको हकको घाँटी निमोठिने भएकाले लोकतन्त्रको दुरुपयोग हुन नदिन पत्रकार महासङ्घले भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए ।

उनले जारी नै नभएको अध्यादेशलाई रातिराति जारी ग¥यो भनेर सम्प्रेषण गरिएको उल्लेख गर्दै मुलुक र जनताका पक्षमा आफूहरुले दिनरात नभनी काम गरेको बताए । 'हामी १०(५ को जागिर खान आएका होइनौँ । देश र जनताप्रतिको जिम्मेबारी बोध गरेर दिउँसो वा राति काम हुन्छ ।

लुकाएर र छलछाम गरेर काम गर्ने मेरो बानी छैन । देशका हितमा खुलेआम काम गर्ने हो', प्रधानमन्त्री ओलीले प्रश्नात्मक शैलीमा भने, "राम्रो काम राति गर्न हुन्न भन्ने छ र ?' सरकारले विभिन्न नाममा हुने कीर्ते र जाली काम रोक्ने गरी कानुन ल्याउने जानकारी दिँदै प्रधानमन्त्री ओलीले पत्रकारको पेसागत सुरक्षा हुनुपर्ने र त्यसमा राज्यको भूमिका हुनेमा विश्वास व्यक्त गरे । महासङ्घका अध्यक्ष निर्मला शर्मासहितका पदाधिकारी र सदस्यलाई प्रधानमन्त्री ओलीले बधाई दिएका थिए । महासङ्घ अध्यक्ष शर्मा र महासचिव रामप्रसाद दाहालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

अध्यक्ष शर्माले महासङ्घको निर्वाचन हुन विविध कारणले ढिलाइ भए पनि यसपटक महिला अध्यक्ष भएर इतिहास रचिएको उल्लेख गर्दै यसमा राजनीतिक दल, पत्रकारिताका सङ्गठन र पत्रकारको साथ रहेको बताए ।रासस

# मानव र वन्यजन्तुबीचको द्वन्द्व नियन्त्रण आवश्यकः मन्त्री अधिकारी

**ललितपुर ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले तीन तहका सरकारको सक्रियतामा मानव र वन्यजन्तु द्वन्द्व नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएको बताएका छन् ।

विज्ञान प्रवद्र्धनका लागि जापानी समाज (जेएसपीएस) को सहयोगमा नेपाल जेएसपीएस अल्मुनाइ एशोसियशन (एनजेएए) द्वारा सोमबार ललितपुरमा आयोजित 'वन्यजन्तु व्यवस्थापन चुनौती र समाधान' विषयक गोष्ठीको उद्घाटन गर्दै मन्त्री अधिकारीले कृषि उत्पादनमा हानी नोक्सानी गर्ने बाँदरलगायतका वन्यजन्तुका गतिविधिका कारण देशभरका किसान चिन्तित भएका बताए ।कृषि क्षेत्रमा पु¥याउने नकारात्मक गतिविधिलाई रोक्न तीनै तहका सरकारले समन्वय गरेर कार्यक्रम गर्नुपर्नेमा उनले जोड दिए ।

'मानव वन्यजन्तुबीचको द्वन्द्व गम्भीर चुनौतीका रुपमा देखापरेको छ, मानिसको जनसङ्ख्या वृद्धिसँगै वन्यजन्तुको प्राकृति आहार तथा बासस्थान खण्डीकरण र सङ्कुचन भई आहार र बासस्थानको खोजीमा मानववस्तीमा वन्यजन्तु पस्दा द्वन्द्व मानव र वन्यजन्तुबीचको द्वन्द्व बढिरहेको छ । बाँदर, बँदेल, दुम्सी, हात्ती गैँडा जस्ता जनावरले किसानका खेतीबालीमा क्षति पु¥याउने समस्या बढिरहेको छ', उनले भने ।

'बाँदर आतङ्क बढेपछि किसानले खेती गर्ने उत्साह गुमाउँदै गएका छन्, गाउँबस्ती उजाड जस्तै बन्न थालिसकेको छ, बसाइँसराइको क्रम आकाशिएको छ', मन्त्री अधिकारीले भने । उनले गाउँघर सुनसान हुँदै गएको र ग्रामीण क्षेत्रका खेतीयोग्य जमिन बाझिने क्रम बढेकाले कृषि क्षेत्रमा मात्रै नभइ देशको समग्र अर्थतन्त्र र खाद्य सुरक्षामा नै प्रभाव पारेको बताए ।

'बाँदरलगायत वन्यजन्तुका कारणले नेपालको राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्नसक्ने देखिएको छ, बिगत दुई दशकमा नेपालमा मानव जातिमा देखापरेको ६० प्रतिशत उदीयमान सङ्क्रामक रोगहरु पशुमा सङ्क्रमण भएर देखापरेका छन् । वैज्ञानिक, सामाजिक, आर्थिक र मानवशास्त्रीय अध्ययनमार्फत जोखिम व्यवस्थापन र न्यूूनीकरण हुनु आवश्यक छ', उनले भने ।

मन्त्री अधिकारीले बन्यजन्तुमा रोग निगरानी प्रणाली आवश्यक रहेको बताए । 'बन्यजन्तुबाट पशु हुँदै मानवमा रोगको फैलावटलाई रोक्न प्रभावकारी कदम चाल्न आवश्यक छ, जङ्गली जनावर र मानव द्वन्द्व निवारण, समस्याग्रस्त जङ्गली जनावरको उद्धार तथा व्यवस्थापन, जङ्गली जनावरको आनीबानी तथा तिनीहरुबाट मानिसमा सर्ने रोग न्युनिकरण गर्न जनचेतना जगाउन आवश्यक छ, प्रत्यक्ष रुपमा प्रभावित क्षेत्रका किसान, जनप्रतिनिधि, नागरिक समाजसमेतको सहभागितामा जनावर र मानवद्वन्द्व नियन्त्रण सम्बन्धि क्रियाकलापहरु सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा सञ्चालन गर्नुपर्ने आवश्यक देखिएको छ', उनले भने ।

मुलुकको समृद्धि कृषकको समृद्धिसँग जोडिएकाले सबैले हातेमालो गर्दै यो चुनौतीलाई अवसरमा बदल्नुपर्ने मन्त्री अधिकारीले बताए ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का उपकुलपति प्राध्यापक दिलिप सुब्बाले मानव जनसङ्ख्या बृद्धिसंगै बन्यजन्तुले आफ्नो गतिविधि सहज रुपमा गर्न नपाएकाले मानव वन्यजन्तु द्वन्द्व बढेको बताए ।उनले वन्यजन्तुले आफ्नो वासस्थान र सिकार गर्ने क्षेत्रको संकुचन हुँदा मानव वस्तीहरुमा परेर खेतीबाली नोक्सानी गर्ने गरेको भन्दै यसले खाद्य सुरक्षामा चुनौती थपेको बताए ।

नेपालका लागि जापानी राजदूत तामुरा ताकाहिरोले आधुनिक समाजमा बन्यजन्तु व्यवस्थापन ठूलो चुनौती बनेको धारणा राखे । उनले जलवायु परिवर्तनले उनीहरुको बासस्थान र सिकार खेल्ने क्षेत्रमा प्रभाव परेको छ भन्दै यो विषयमा छलफल गरेर समाधान गर्नु आवश्यक छ भने ।

राजदूत ताकाहिरोले जापान र नेपालबीचको सहकार्यमा नेपालको आर्थिक, सामाजिक, र सांस्कृतिक विकासमा योगदान पु¥याएको उल्लेख गर्दै पूर्वाधार विकास, शिक्षा क्षेत्रको विकासका साथै ज्ञानसीपको हस्तान्तरण, स्वास्थ्य सेवाका लागि अस्पतालको स्तरोन्नति, स्वास्थ्य उपकरण, औषधि, र स्वास्थ्य तालिम उपलब्ध गराउने लगायतका काममा निरन्तरता दिँदै आएको जानकारी दिए ।

गोष्ठीमा जाइका नेपालका प्रमुख प्रतिनिधि मिजुकी मात्सुजकीले जलवायु परिवर्तनले बढ्दै गएको असर र वन्यजन्तुको द्वन्द्वका कारण नेपालको विविधतामा परेको समस्या समाधानका लागि सबैले मिलेर काम गर्नुपर्नेमा जोड दिए । उनले वन्यजन्तु व्यवस्थापन नेपालको ठूलो समस्या हो भन्दै नेपालमा विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको जाइकाले यसतर्फ समन्वय र सहकार्य गरेर सहयोग गर्नसक्ने बताए ।

जेएसपीएस बैंकक कार्यालय थाइल्यान्डका डा युशिओ ओतानीले नेपाल र जापानबीचको सम्बन्धका माध्यमबाट वैज्ञानिक अध्ययन अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण ज्ञान र सीपको हस्तान्तरण हुने विश्वास व्यक्त गरे ।रासस

# नागरिक लगानी कोषको १३ प्रतिशत लाभांश पारित




**काठमाडौँ ।**
नागरिक लगानी कोषको ३० औँ वार्षिक साधारणसभाले ०८०/८१ को नाफाबाट १३ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

सोमबार सम्पन्न साधारणसभाले गत आर्थिक वर्षको आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको ८६ करोड ९० लाख रुपैयाँबाट सात प्रतिशत बोनस सेयर र ६ प्रतिशत नगद लाभांश स्वीकृत गरेको हो । साधारणसभाले कोषका अध्यक्ष प्रा.डा. सूर्यबहादुर थापाले पेस गरेको ०८०/१ को वार्षिक प्रतिवेदन पनि पारित गरेको छ ।

अध्यक्ष थापाले कोषले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमबाट ०७९/८० मा दुई खर्ब दुई अर्ब सात करोड रुपैयाँ संकलन भएकामा गत आर्थिक वर्षमा १२ दशमलव १९ प्रतिशतले बढेर दुई खर्ब २६ अर्ब ८३ करोड रुपैयाँ पुगेको बताए ।

त्यस्तै, ०८१/८२ को असोज मसान्तसम्म संकलित दुई खर्ब ४२ अर्ब १५ करोड रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ । कोषले २०८०/८१ मा दुई अर्ब सात करोड ६४ लाख रुपैयाँ कूल आम्दानी गरेकोमा सञ्चालन र अन्य खर्च कटाइ कर पछिको खुद मुनाफा एक अर्ब १५ करोड ८७ लाख रुपैयाँ रहेको छ । उक्त खुद मुनाफा रकमबाट २८ करोड ९६ लाख रुपैयाँ रकम जगेडा कोषमा राखी बाँकी ८६ करोड ९० लाख रुपैयाँबाट सात प्रतिशत बोनस शेयर र छ प्रतिशत नगद लाभांश वितरण गरेको हो ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको सञ्चालन र व्यवस्थापनमा सुधारका लागि विभिन्न रणनीति अघि सारिएको बताए । 'कोषले सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आधुनिक प्रणालीमार्फत सेवा सहज बनाउने योजनालाई प्राथमिकतामा राखेको छ । साथै, अनावश्यक बैंक खाता कटौती गर्दै वित्तीय व्यवस्थापनलाई सरल र पारदर्शी बनाउने कार्य भइरहेको छ', उनले भने ।

कोषद्वारा सञ्चालित नागरिक स्टक डिलरको गतिविधि र नाफा अवस्थाबारे जानकारी गराउँदै कार्कीले यो वर्ष कोष नाफामै रहेको र कर्मचारी विनियमावलीको संशोधन प्रक्रिया पनि अघि बढेको बताए । त्यस्तै कोषको मधेश प्रदेशमा शाखा विस्तार गर्ने तयारी भइरहेको र आगामी दिनमा शाखा विस्तारले स्थानीयस्तरमा सेवा पु¥याउने विश्वास उनले व्यक्त गरे ।

'कोषको लगानी रणनीति जोखिम विश्लेषणका आधारमा अघि बढाइएको छ । साइबर सुरक्षामा विशेष ध्यान दिँदै प्राविधिक सुरक्षा प्रणालीलाई सुदृढ बनाउने कार्य भइरहेको छ', कार्यकारी निर्देशक कार्कीले भने ।

सरकारी वाणिज्य बैंकको तुलनामा कोषको ब्याजदर समानस्तरमा रहेको र सजिलै कर्जा उपलब्ध गराउन व्यवस्थापनले ध्यान दिएको उनले बताए ।

त्यस्तै कोषको कर अघिको नाफा घटेको जस्तो देखिए कर पछिको नाफा मात्र घटेको स्पष्ट पार्दै उनले कोषको वित्तीय स्थायित्व सुनिश्चित रहेको दाबी गरे ।

नागरिक लगानी कोषले आफ्ना गतिविधिलाई पारदर्शी र जनउत्तरदायी बनाउन निरन्तर प्रयासरत रहेको उनले उल्लेख गरे । रासस

# राष्ट्र बैंकको अध्ययनः कोशी प्रदेशमा घट्यो बाली कृषि क्षेत्रफल

**काठमाडौँ ।**
बढ्दो बसाँइसराई र कृषि भूमिमा घर तथा आवास निर्माण गर्ने क्रममा वृद्धि भएपछि कोशी प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल घटेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०÷८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०७९÷८० को तुलनामा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ५५ प्रतिशतले घटेको उल्लेख छ ।




आर्थिक वर्ष २०८०÷८१ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५ दशमलव ८४ प्रतिशत हुने केन्द्रीय तथ्याङ्क कार्यालयको अनुमान छ । गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १५ दशमलव ८८ प्रतिशत थियो । यो प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३२ दशमलव ८० प्रतिशत, उद्योग क्षेत्रको १६ दशमलव ३२ प्रतिशत र सेवा क्षेत्रको ५० दशमलव ८८ प्रतिशत योगदान रहने अनुमान छ ।

कृषि भूमि घटन जाँदा धान, मकै, कोदो, आलु, भटमास, सुन्तला, बेसारलगायत बालीले ढाकेको क्षेत्रफल घटेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल कम भएको हो ।

कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफल ८७ दशमलव ९२ प्रतिशत, तरकारी बालीको पाँच दशमलव ११ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल छ दशमलव ९७ प्रतिशत छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१ दशमलव ६४ प्रतिशत छ । आव २०८०÷८१ मा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन एक दशमलव १३ प्रतिशतले वृद्धि भएको छ ।

विशेष गरी खाद्य बाली अन्तर्गत धान सात दशमलव ४५ प्रतिशत तथा कोदो शुन्य दशमलव ८६ प्रतिशतले वृद्धि भएकाले समग्र कृषि बालीको उत्पादन वृद्धि भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा तरकारीको उत्पादन एक दशमलव ९८ प्रतिशत, चियाको उत्पादन शुन्य दशमलव शुन्य एक प्रतिशत, कफीको उत्पादन एक दशमलव २३ प्रतिशत तथा महको उत्पादन शुन्य दशमलव २८ प्रतिशतले बढेको छ भने फलफूलको उत्पादन शुन्य दशमलव ९४ प्रतिशत र मसलाको उत्पादन आठ दशमलव शुन्य तीन प्रतिशतले घटेको छ ।

आव २०८०÷८१ मा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७ दशमलव तीन प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६ दशमलव ७४ प्रतिशत रहेको थियो ।

कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल एक दशमलव ५२ प्रतिशतले विस्तार भएको छ । त्यसैगरी दुध उत्पादन १९ दशमलव ९३ प्रतिशत, मासु उत्पादन दुई दशमलव ३० प्रतिशत तथा माछा उत्पादन एक दशमलव २१ प्रतिशतले वृद्धि भएको छ । अण्डा उत्पादन एक दशमलव ७३ प्रतिशत तथा ऊनको उत्पादन छ दशमलव ४३ प्रतिशतले घटेको छ ।

यसैगरी, काठको उत्पादन १५ दशमलव २९ प्रतिशतले वृद्धि भएको छ । २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा दुई दशमलव १० प्रतिशतले घटेर ५९ अर्ब ९० करोड ७४ लाख ४१ हजार रुपैयाँ पुगेको छ ।

गत असार मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश १० दशमलव १२ प्रतिशत रहेको छ । यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२ दशमलव सात प्रतिशत रहेको छ । आव २०७९÷८० मा उक्त उद्योगको औसत क्षमता उपयोग ५१ दशमलव एक प्रतिशत रहेको थियो ।

उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा टायर तथा ट्यूब उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९१ दशमलव तीन प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम चार दशमलव चार प्रतिशत रहेको छ । अध्ययनमा समेटिएका उद्योगको उत्पादनमध्ये गार्मेन्ट उत्पादन सबैभन्दा बढी छ भने घरेलु धातुका सामानको उत्पादन ४५ दशमलव सात प्रतिशतले घटेको छ । यो प्रदेशका ४३ वटा उद्योगमा आव २०७९÷८० मा १८ हजार चार सय ६१ जना श्रमिक कार्यरत रहेकामा समीक्षा आर्थिक वर्षमा ती उद्योगमा जम्मा १६ हजार नौ सय ५८ जना श्रमिक कार्यरत छन् जुन गत वर्षको सोही अवधिको तुलनामा आठ दशमलव एक प्रतिशतले कम हो । सुनसरी, मोरङ, इलाम, झापा र उदयपुरमा रहेका उद्योगमा श्रमिकले रोजगारी गुमाएका छन । कुल औद्योगिक रोजगारीमध्ये ८३ दशमलव दुई प्रतिशत स्वदेशी र १६ दशमलव आठ प्रतिशत विदेशी कामदारहरूले रोजगारी प्राप्त गरेका थिए । समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ९१ प्रतिशत र नौ प्रतिशत छ ।

केन्द्रीय बैंकका अनुसार, २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा कुल औद्योगिक कर्जा आठ दशमलव ११ प्रतिशतले वृद्धि भइ एक खर्ब ३९ अर्ब रुपैयाँ कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा छ दशमलव ६४ प्रतिशतले वृद्धि भएको थियो । सो प्रदेशमा वाणिज्य बैंकका सात सय ५४, विकास बैंकका एक सय ९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका आठ सय ५२ गरी जम्मा एक हजार आठ सय ३७ शाखा पुगेका छन् ।

त्यसैगरी २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सो प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १३ दशमलव ३८ प्रतिशतले वृद्धि भई चार खर्ब ७७ अर्ब रुपैयाँ र प्रवाह गरेको कर्जा तीन दशमलव ८१ प्रतिशतले वृद्धि भई पाँच खर्ब ७८ अर्ब रुपैयाँ पुगेको छ । रासस

# यू–१९ महिला विश्वकपः अभ्यास खेलमा नेपाल पराजित




**काठमाडौँ ।**
आईसीसी यू–१९ महिला टी–२० विश्वकपको अभ्यास खेलमा नेपाल पराजित भएको छ । वेष्ट इन्डिजसँगको खेलमा नेपाल नौ रनले पराजित भएको हो । मलेसियामा सोमबार भएको पहिलो अभ्यास खेलमा वेष्ट इन्डिजले नेपाललाई जितका लागि एक सय १० रनको लक्ष्य दिएको थियो । नेपालको पारी १९ दशमलव एक ओभरमा एक सय रनमै समेटियो । नेपालका लागि सिमाना केसीले २३, पूजा महतोले १८, किरण कुँवरले १८ र सोनी पाख्रिनले १५ रन बनाए । बलिङतर्फ वेष्ट इन्डिजकी त्रिशा हरदत, आलिया विकीज र आमिया गिल्बर्टले दुई दुई विकेट लिइन् ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको वेष्ट इन्डिजले २० ओभरमा चार विकेट गुमाएर एक सय नौ रन बनाएको थियो । वेष्ट इन्डिजका लागि जजारा क्लक्सटनले अविजित २२ रन बनाइन् । यस्तै कप्तान समारा रमनथले २५ र अबिगेल ब्राइसले १९ रनको योगदान दिइन् ।बलिङतर्फ नेपालकी सिमाना केसी र रचना कुमारी चौधरीले एक–एक विकेट लिइन् ।

नेपालले दोस्रो अभ्यास खेल आगामी माघ २ गते अमेरिकासँग खेल्नेछ । माघ ५ गतेदेखि मलेसियामा सुरु हुने यु–१९ महिला टी–२० विश्वकपमा नेपाल समूह 'डी' मा रहेको छ । उक्त समूहमा बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया रहेका छन् । नेपालले माघ ५ गते बङ्गलादेशसँग, माघ ७ गते स्कटल्यान्डसँग र माघ ९ गते अस्ट्रेलियासँग खेल्ने छ । रासस

# मालवाहक सवारीसाधन कार्यविधि–२०७४ लाई कार्यान्वयन गर्न माग




**काठमाडौँ ।**
नेपाल ट्रक यातायात व्यवसायी महासंघले मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि–२०७४ लाई कडाइका साथ कार्यान्वयन गर्न आग्रह गरेको छ । महासंघद्वारा सोमबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा ७२ घण्टे प्रवेश पास खारेज गर्न माग समेत गरिएको छ । महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले भन्सार विन्दुमा नै नेपालको कानूनले तोकेको भारवहन क्षमता जाँच पास गर्ने अधिकारीलाई जिम्मेवार बनाउन आग्रह गरे । उनले भने, 'जीर्ण पुल र जोखिमयुक्त सडकमा स्पष्ट देखिने गरी सडकको क्षमता र चिह्न राखिनुपर्छ ।'

महासंघले ट्राफिक प्रहरी, जनपद प्रहरी र यातायात व्यवस्था कार्यालयहरूबाट मालवाहक सवारी साधनले तोकिएको भार वहन गरेका छन् कि छैनन् भनी मान्यता प्राप्त तौल पुल र निकायको लोड सिट समेत जाँच गरिनुपर्ने माग राखेको छ । साथै, अधिक भारवहन गरेको पाइएमा जरिवानासहित अधिक भारलाई 'अनलोड' गर्न लगाई भार मिलान गरेर मात्र अगाडि बढ्न दिनुपर्ने माग समेत गरेको छ ।

महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ 'ट्राफिक प्रहरी, जनपद प्रहरी र यातायात व्यवस्था कार्यालयहरूबाट मालवाहक सवारी साधनले तोकिएको भारवहन गरेका छन् कि छैनन् भनी मान्यता प्राप्त तौल पुल र निकायको 'लोड' सिट पनि जाँच गरिनुपर्ने माग राखेको छ । साथै, अधिक भारवहन गरेको पाइएमा जरिवानासहित अधिक भारलाई अनलोड गर्न लगाई भार मिलान गरेर मात्र अगाडि बढ्न दिनुपर्छ ।'

महासंघले यही पुस २६ गते भारतीय मालवाहक एन.एल.०१ ए एच ५१६१ नम्बरको सवारी साधनले अत्यधिक भार बहन गरी सञ्चालन भएको कारणले दुम्कीवासमा विनय खोलाको पुल भाँचिएर सवारी साधन सञ्चालनमा बाधा पुगेको जनाउँदै सम्बन्धितलाई कारबाही गर्न माग गरेको छ । रासस

# अमेरिकाद्वारा एआई चिपको निर्यातमा प्रतिबन्ध

**सान फ्रान्सिस्को ।**
संयुक्त राज्य अमेरिकाले सोमबार कृत्रिम बौद्धिकता (एआई) का लागि प्रयोग हुने उन्नत कम्प्युटिङ चिपहरूमा नयाँ निर्यात नियमहरू सार्वजनिक गरेको छ । यसले मित्र राष्ट्रहरूलाई बिक्री सहज बनाउने र चीन जस्ता देशहरूको पहुँचलाई थप सीमित गर्ने लक्ष्य राखेको छ ।

बन्द एआई मोडेलहरूका लागि तौलका नियमहरू पनि समावेश भएका प्रतिबन्धहरू सन् २०२३ मा चीनमा केही एआई चिपहरू निर्यात गर्ने सम्बन्धमा घोषणा गरिएका प्रतिबन्धहरूमा आधारित छन् । अमेरिकाले चीनलाई उन्नत अर्धचालक (सेमीकन्डक्टर) हरूको◌ क्षेत्रमा रणनीतिक प्रतिस्पर्धीको रूपमा हेर्दछ ।

'अमेरिकाले अहिले एआई विकास र एआई चिप डिजाइन दुवैमा विश्वको नेतृत्व गरिरहेको छ र हामीले यसलाई यसरी नै राख्नु महत्त्वपूर्ण छ', वाणिज्यमन्त्री जिना राइमोन्डोले पत्रकारहरूलाई भने ।

नयाँ नियमहरूले चिपहरूमाथिको नियन्त्रणलाई अद्यावधिक गर्दै निर्यात, पुनःनिर्यात र देशभित्रको स्थानान्तरणका लागि अधिकृत स्वीकृति आवश्यक पर्ने व्यवस्था गरेको छ । साथै अमेरिकाको मित्र मानिएका देशहरूका लागि विभिन्न छुटहरू पनि समावेश गरेको छ ।

यसैबीच, एआई डाटा सेन्टरहरूले चिपहरू आयात गर्न सक्षम हुन बढाइएका सुरक्षा मापदण्डहरूको पालना गर्न आवश्यक छ । 'यी नियमले हाम्रा रणनीतिक प्रतिस्पर्धीहरूलाई तस्करी र दूर पहुँचको माध्यमबाट हाम्रो निर्यात नियन्त्रण छल्न कठिन बनाउँछ', ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले भने, 'साथै विश्वभरका हाम्रा साथी र साझेदारहरूलाई उन्नत एआईका लागि विश्वसनीय विक्रेताहरू प्रयोग गर्न प्रोत्साहन सिर्जना गर्छ ।'

राष्ट्रपति–निर्वाचित डोनाल्ड ट्रम्पको आगामी प्रशासनलाई सम्भावित परिवर्तनहरू गर्न समय दिँदै राइमोन्डोले नयाँ नियमहरू १२० दिनमा लागू हुने जानकारी दिए ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा चीनमाथि भारी भन्सार महसुल लगाएको थियो । यद्यपि सिलिकन भ्यालीमा उनका समर्थकहरूले यी नियमलाई आफ्ना उत्पादनहरू निर्यात गर्ने क्षमतामा अनावश्यक बोझको रूपमा पनि हेर्न सक्छन् । रासस

# कृत्रिम खुट्टाको सहारामा मासिक ६० हजार आम्दानी गर्दै राजेन्द्र



**मधेशदृष्टि**
**बरहथवा।**
विद्युतीय धरापमा परेर खुट्टा गुमाएका सर्लाहीको हरिवन नगरपालिका–५ किङरिङ टोलका २२ वर्षीय राजेन्द्र महतोले विद्युतीय तीन पाङग्रे सवारी साधन (अटोरिक्सा ) चलाएर जीवनमा पुन खुसी फर्काए । विसं २०७७ वैशाख १८ गते दुर्घटनामा परेर बायाँ खुट्टा गुमाएपछि उहाँलाई अब बाँकी जीवन सकियो भन्ने चिन्ता लागेको थियो। तर, त्यही दुर्घटनापछि जीवनमा एकपछि अर्को गर्दै खुसी आएको उनले सुनाए । चार वर्ष पहिला विद्युतीय दुर्घटनामा परेका राजेन्द्रको बायाँ खुट्टा घुँडामाथिसम्म काटिएको छ । केही समयसम्म वैशाखीको सहारा लिएका उनी अहिले कृत्रिम खुट्टाको सहारामा आफ्नो दैनिकी चलाइ रहेका छन् । कृत्रिम खुट्टाको सहाराले उनलाई सामान्य काम गर्न र हिँड्डु◌ुल गर्न सहज मात्र भएको छैन् । विगत दुई वर्षदेखि अटोरिक्सा चलाएर मनग्य कमाइ गरिरहेका छन् । 'दुर्घटनामा खुट्टा गुमाएपछि आफ्नै जीवन अभिसाप हुने भयो भन्ने लागेको थियो', उनले भने, 'परिवारको सहारा र वडाले दिएको अटोरिक्सो फेरि परिवारको मेरुदण्ड बनेको छु । अटोरिक्सा चलाउन सुरु गरेको आउने फागुनमा दुई वर्ष पुग्दै छ । यसको कमाइबाटै ठूलो प्रगति गरेको उहाँले जानकारी दिनुभयो ।' अटोरिक्सा चलाएर कमाएको १६ लाख रुपैयाँले एउटा पक्की घर बनाएको उनले बताए । एउटा अटोरिक्साले मात्र नभ्याउने भएपछि पालैपालो चार्ज गरेर चलाउन भनेर तीन महिना पहिला मात्र उनले अर्को मयुरी किनेका छन् । अटोरिक्साकै कमाइबाट चार लाख ५० हजार रुपैयाँ खर्च गरेर नयाँ मयुरी थपेको उनले जानकारी दिए। कृत्रिम खुट्टा हाल्न बेचेको खेतकै सिमानामा एक कट्ठा घडेरी जोडिसकेको राजेन्द्रको भनाइ छ । बिहानैदेखि साँझसम्म आवश्यक पर्दा रात दिन नभनी अटोरिक्सा चलाउने उनले दैनिक सात ७ हजार रुपैयाँसम्म कमाएको बताए । थौरै कमाइ हुँदा दैनिक दुई हजार पाँच सयसम्म आम्दानी गरेको उनी बताउँछन्। खर्च कटाएर कम्तीमा महिनाको ६० हजारको दरले घरकै खाएर परिवारसँगै बसेर वर्षमा सात लाख बढी कमाइ रहेको उनले सुनाए । 'दिनको सय रुपैयाँको बिजुली खर्च हुन्छ।' उनले भने, 'आजसम्म कमाइ भएन भन्ने दिन आएको छैन ।', बजारको दिन त भ्याइनभ्याई हुने गरेको उहाँको अनुभव छ। राजेन्द्रले काकालाई मयुरी चलाउने पेसामा ल्याए।

आफूले अटोरिक्सा चलाउन सुरु गरे यता गाउँमा पाँच वटा मयुरी थपिएको उनी बताउँछन्। निकै न्यून आयस्तर भएका राजेन्द्रको उपचारमा २२ लाखभन्दा धेरै खर्च लागेको बुवा सन्तलाल महतोले जानकारी दिए। विसं २०६० मा चिरान मिलले बुवा सन्तलालको हात काटिएपछि घरपरिवारको पालनपोषणको जिम्मा राजेन्द्रको काँधमा आयो। दुई भाइ र एक बहिनी मध्यका जेठा उनले एक निजी दूध डेरीमा काम गरेर घर खर्च धान्दै आएका थिए। उनी विसं २०७६ मा विद्युतीय दुर्घटनामा परेपछि परिवारको विचल्ली भएको थियो । 'सम्पत्तिको नाममा दुई कट्ठा खेत र १० धुर घडेरीमा बनेको सानो घर बाहेक केही थिएन ।' सन्तलालले भने, 'आफू पहिलेदेखि अपाङ्ग एक मात्र भरोसा जेठो छोराको त्यस्तो भएपछि हामी सडकमा आइपुगेका थियौँ। हारगुहार गरेर छोरा त बचाए। अब कसरी जीवन धान्ने भन्ने दिन आयो। केही नभएको देखेर वडाध्यक्ष नागेन्द्र साहले दिनुभएको मयुरीले फेरि हाम्रो जीवन फर्किएको हो, उनले गहभरी आँसु बनाए।'

त्यो दुर्घटना, त्यसपछिका केही वर्ष फर्किएर सम्झँदा मन भक्कानिने गरेको राजेन्द्रकी आमा सुमित्रादेवी महतो बताउँछिन्। 'छोरा दुर्घटनामा परेपछि त मेरो लागि सारा धर्ती भासिए जस्तै भयो', उनले भने, 'श्रीमान्को हात काटिएपछि घर हेर्ने छोराको अवस्था यस्तो भएपछि के भयो होला ? सम्झना गर्न  मन लाग्दैन ।' छोराले मयुरी चलाउने हिम्मत गरेको र त्यो दुःखमा वडाले मयुरी दिएर लगाएको गुन जीवनभरि तिर्न नसकिने उनको भनाइ छ । 'सुरुमा मैले अब पसल चलाउँछु, भनेर वडाध्यक्षसँग सहयोग मागेको थिए', राजेन्द्रले भने, 'वडाध्यक्षले पसलमा उधारो धेरै हुन्छ । लगानी धेरै चाहिन्छ । त्यसो नगर मसँग एउटा उपाय छ। वडाबाट एउटा मयुरी अनुदान मिलाइ दिन्छु । तिमी मयुरी चलाउ भन्नुभयो। मैले दुई पाँच सय आम्दानी भयो भने परिवार पाल्न सक्छु भनेर हुन्छ भनिदिए।'

विसं २०७९ फागुनमा वडा कार्यालयले राजेन्द्रलाई एक थान विद्युतीय मयूरी दियो । त्यस यता राजेन्द्रले दुःखका दिनलाई फेरि फर्किएर हेर्नुपरेको त छैन नै केही गर्नसक्छु भन्ने हिम्मत बढाए । अटोरिक्साको आम्दानीले बहिनीको विवाह गर्दा लागेको पाँच लाख रुपैयाँ ऋण तिरेको उनले बताए । 'मैले अटोरिक्सा चलाएर नसोचेको आम्दानी गरे', उनी भन्छन्, 'एउटाले नभ्याउने भएपछि त्यसैको कमाइबाट तीन महिना पहिला मात्र अर्को अटोरिक्सा किनेको छु ।' अटोरिक्सा लिएर राजेन्द्र महोत्तरीको बर्दिवास, रौतहटको चन्द्रपुर, बरहथवा, जिल्ला सदरमुकाम मलङ्गवासम्म पुगेका छन् । तर, उनी अधिकांश समय गाउँबाट दुई तीन किलो मिटरको दुरीमा रहेको हरिवन बजार ओहोरदोहोर गर्ने यात्रुहरूलाई सेवा दिन्छन् । सरल र मिलनसार उहाँको अटोरिक्सामा स्थानीय ढुक्क भएर यात्रा गर्छन।

आज भोलि बिहान सबैरैदेखि साँझ अबेरसम्म यात्रुलाई गन्तव्यसम्म पु¥याउनु राजेन्द्रको नियमित कर्म बनको छ। दुर्घटनामा खुट्टा गुमाएपछि कसरी परिवार पालौँला भन्ने चिन्तामा रहेका राजेन्द्र वडाबाट पाएको अटोरिक्सा चलाउन थालेपछि फेरि परिवारको दरिलो आड बनेर उभिएका छन्। त्यतिमात्र हैन, मेहिनत गरेर परिवारलाई सुखले पाल्न सक्छु भन्ने हिम्मत बढेको उनले उत्साहित हुँदै सुनाउँछन्। राजेन्द्रको दुर्घटनापछि नै एक छोरा र एक छोरी जन्मिएका छन्। विवाहको सात वर्षपछि सन्तान पाएका राजेन्द्रले खुसियालीमा गाउँमा भोज नै खुवाए।

## सवारीचालक अनुमतिपत्र नपाएको गुनासो

सामान्य मानिसले जस्तै आफूले मयुरी सजिलै चलाउन सक्ने भए पनि अनुमति पत्र नपाएको राजेन्द्रको गुनासो छ। उनी जिप, कार चलाउन अनुभवी र अनुमतिपत्र प्राप्त चालक हुन्। दुर्घटनापछि ठूलो सवारी चलाउ छाडेको बताए । मयुरीको सबै नियन्त्रण हातमा हुने र दायाँ खुट्टा राम्रो भएकाले काम गर्न कुनै समस्या नभएको उनी बताउँछन् । त्यति हुँदाहुँदै यातायात व्यवस्था विभागले आफूहरू जस्ताको लागि चालक अनुमतिपत्र दिनेसम्बन्धी व्यवस्था नभएको भन्दै फर्काएको उनको दुखेसो छ। 'मैले चालक अनुमतिपत्र लिने प्रयास गरे', उनले भने, 'बुझ्न जाँदा अपाङ्गता भएकाका लागि दिन मिल्ने कानुन छैन भनेर फर्काए। विदेशमा कम्मर तल नचल्ने व्यक्तिहरूले सबै नियन्त्रण हातमा राखेर गाडी चलाउने अनुमति पाउछन् ।' यहाँ पनि त्यस्तै व्यवस्था हुनुपर्ने उनको माग छ। यो सोख भन्दा पनि रोजी रोटी सँग जोडिएको विषय भएकोले सरकारले यता ध्यान दिनुपर्ने उनी बताउँछन्। यसरी शारीरिक रुपमा सामान्य क्षति पुगेका अपाङ्गता भएकाहरू सयौँले क्षमता र हिम्मत हुँदाहुँदै श्रम गरेर खान नपाएको उनको भनाई थियो । हरिवन–५, का वडाध्यक्ष नागेन्द्र साहले राजेन्द्रलाई अटोरिक्सा सहयोग गरेर आफूले स्थानीय जनप्रतिनिधिको भूमिका निर्वाह गरेको बताए। आर्थिक रुपमा निकै विपन्न परिवारमा एकपछि अर्को बज्रपात परेको र त्यसबाट एक परिवार नै धारासायी बनेपछि वडाले जीविकोपार्जन कार्यक्रमअन्तर्गत मयुरी किनेर दिएको उनको भनाइ थियो । 'घरमुली बुवाको बायाँ हात काटिएको छ।' उनले भने, 'त्यस पछि घरको सबै अभिभारा सम्हालेका छोरा राजेन्द्रको पनि खुट्टा गुमेपछि त्यो परिवारमा कस्तो अवस्था भयो होला ? एउटै वडावासी भएको नाताले मैले महसुस गरेको छु। युवा मान्छे केही गर्नुपऱ्यो भन्ने हिम्मत लिएर सहयोग माग्न आउनुभयो। मैले नै वडाबाट निःशुल्क अटोरिक्सा उपलब्ध गराई दिए। अहिले प्रगति नै प्रगति भएको छ । हामी निकै खुसी छौँ।' यस वडा कार्यालयले हरेक वर्ष यस्ता विपन्न परिवार छानेर आवास र स्वरोजगारीको लागि विभिन्न सहयोग गर्ने गरेको उनले बताए। स्थानीय सरकारको भूमिका यही होला भन्ने लागेको उनको अनुभव छ । 'स्थानीय सरकारले बजेट तयार गर्दा लैङ्गिक उत्तरदायित्व लिएर लक्षित वर्गको लागि बजेट राख्नुपर्ने व्यवस्था नै छ', उनले भने, 'सोहीअनुसार जीविकोपार्जनका लागि विपन्न परिवारलाई सहयोग गरेका छौँ ।' रासस

> *'मैले चालक अनुमतिपत्र लिने प्रयास गरे', उनले भने, 'बुझ्न जाँदा अपाङ्गता भएकाका लागि दिन मिल्ने कानुन छैन भनेर फर्काए। विदेशमा कम्मर तल नचल्ने व्यक्तिहरूले सबै नियन्त्रण हातमा राखेर गाडी चलाउने अनुमति पाउछन् ।'*

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१



# संविधान संशोधनका नाममा सङ्घीयता र मधेशको अधिकारको प्रश्न उठाउन पाइँदैनः मुख्यमन्त्री सिंह



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संविधान संशोधनका नाममा गणतन्त्र, सङ्घीयता र मधेशले प्राप्त गरेको अधिकारका उपलब्धिबारे प्रश्न उठाउन खोजिएमा त्यो स्वीकार्य नहुने बताउनुभएको छ । संविधानका केही धारामा भने संशोधनको आवश्यकता औँल्याउँदै उनले संविधान संशोधन महत्वपूर्ण विषय भएकाले सबैको सल्लाह र सुझाव लिएर मात्र निर्णयमा पुग्न सुझाव दिए । संविधान संशोधन आवश्यकताका आधारमा अघि बढइनुपर्नेमा उनले जोड दिएका छन् । यसअघि सप्तरीको तिलाठीकोइलाडी गाउँपालिका प्रमुख र प्रदेशसभा सदस्यको अनुभव सम्हालेका उनी गत जेठ २५ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । प्रस्तुत छ, प्रदेशबाट भइरहेका सेवा प्रवाह, उपलब्धि, तीन तहका सरकारबीच सहयोग र समन्वय तथा संविधान संशोधनलगायत समसामयिक विषयमा मुख्यमन्त्री सिंहसँग राष्ट्रिय समाचार समिति (रासस)का मधेश प्रदेशका प्रमुख सुरेश झा र निमित्त प्रमुख समाचारदाता नारायण न्यौपानेले लिएको अन्तर्वार्ताको सम्पादित अंशः

**यहाँले मधेश प्रदेश सरकारको नेतृत्व सम्हालेपछि प्रदेशमा के कस्ता उपलब्धि भए त्यसको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

– मुख्यमन्त्रीका रुपमा गत जेठ २५ गते शपथ लिइरहँदा केही दिनभित्रै नयाँ बजेट ल्याउनुपर्ने संवैधानिक बाध्यता थियो । हामीलाई पर्खने र सोच्ने समय थिएन । तीन दिनभित्र नीति तथा कार्यक्रम र सात दिनभित्र बजेट ल्याइयो । त्यो बजेट हालसम्मकै उत्कृष्ट छ । बजेटमार्फत गौरवकै रुपमा सबै निर्वाचन क्षेत्रलाई समेट्ने योजना तर्जुमा गरिएको छ । प्रत्येक निर्वाचन क्षेत्रमा नमूना विद्यालय, शैक्षिक पार्क, रोजगार केन्द्र, कृषि उत्कृष्टता केन्द्र, पाँच किलोमिटर सडक कालोपत्र र कम्तीमा एउटा पक्की पुल निर्माणको सोच अघि बढाइयो ।

सात वर्षदेखि चलिआएका गलत अभ्यास र प्रणालीलाई तोड्दै अघि बढ्ने क्रममा र कमको अभाव पनि झेल्नुपरेको छ । विगतमा पुँजीगत खर्च ५० प्रतिशत पनि नभएकाले सबै योजनामा पैसा राख्न सम्भव भएन । विशेष अनुदानबापत आउनुपर्ने रु तीन अर्ब यसपटक शून्य रह्यो । मुलुकभर विज्ञान र गणित पढाउने शिक्षक तथा स्वास्थ्य, सिँचाइ, कृषि, भूमिसुधार, नापीमा काम गर्ने ठूलो जनशक्ति मधेश प्रदेशको भए पनि शिक्षाको स्तर खस्कँदै गएकाले प्रत्येक निर्वाचन क्षेत्रमा नमूना विद्यालयको अवधारणा अघि सारिएको छभने सूचना प्रविधि पार्कको अवधारणासमेत अघि सारिएको छ । प्रत्येक स्थानीय तहका वडामा साक्षरता अभियान र घरमा रहने महिलालाई लक्षित गरी कृषि महिला स्वयंसेवी कार्यक्रम अघि बढाइएको छ । घोषणा भएका कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति र बजेट व्यवस्थापन चुनौतीका रुपमा छ ।

**विभिन्न चुनौतीका बीचमा पनि प्रदेश सरकारले धेरै विकास र समृद्धिको आधार तयार गरेको छ भन्न खोज्नभएको हो ?**

– हो, प्रत्येक वर्ष आर्थिक वर्षको अन्त्यसँगै साउन र भदौमा कर्मचारी प्रदेश कार्यालयमा नबस्ने समस्या थियो, त्यो अन्त्य गर्न म आफैँ स्वयं पनि संलग्न भएर अनुगमनलाई तीव्र पारियो । यसबाट नतिजा राम्रो आयो, अहिले कार्यलयमा बस्ने वातावरण बन्यो । विभिन्न समस्यालाई किनार लगाउँदै प्रदेश सरकार अघि बढिरहेको छ । अघि बढ्ने सन्दर्भमा बाधा पन्छाउन विभिन्न प्रयास र प्रक्रिया अवलम्बन गरिएको छ । यस वर्ष नयाँ तथा बहुवर्षीय धेरै योजना बोलपत्रमा लागिसकेको छ । केही लाग्ने क्रममा छ । त्यसको परिणाम छिट्टै आउँछ ।

**थुप्रै उपलब्धि सुनाउनुभएको छ, त्योभित्र पनि मुख्य केलाई लिनुहुन्छ ?**

– विगतमा आन्दोलनका क्रममा बनेका मेडिकल कलेज बन्द हुने र नयाँ नखोलिँदाको प्रभाव अहिले मुलुकको अर्थतन्त्रमा परेको छ । न्यूनतम पूर्वाधार नहुँदा अभिभावकले सन्तानलाई उच्च शिक्षा अध्ययन गर्न विदेश पठाउनु परिरहेको छ । यो हाम्रा लागि प्रत्यक्ष ठूलो क्षति हो । पछिल्लो समय देशमा उच्च शिक्षामा एमबिबिएसजस्ता स्वास्थ्यसँग जोडिएका थुप्रै कार्यक्रम अघि बढेका छन् । प्रदेशमा पनि पहिलोपटक एमबिबिएसको पढाइ सुरु भएको छ । एमबिबिएसका लागि हामीले पनि ५० सिट पाएका छौँ । यसमा ३८ वटा पूर्ण छात्रवृत्तिको कोटा छ । त्यो सिटमा नेपालको कुनाकाप्चाबाट विद्यार्थीको प्रतिनिधित्व छ । तर नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयलाई अनुदान दिने तर प्रदेश सरकारले स्थापना गरेका विश्वविद्यालयले अनुदान नपाउने अवस्था छ, त्यसलाई सच्याउन जरुरी छ । एमबिबिएसको पढाइको सुरुआत गर्नु प्रदेशको गौरव र ठूलो उपलब्धि हो । प्रत्येक निर्वाचन क्षेत्रमा पाँच किमी सडक कालोपत्र ठेक्का जाँदैछ त्यो उपलब्धिका रुपमा लिएका छौँ । प्रत्येक निर्वाचन क्षेत्रमा पुल, रोजगार केन्द्र, मोडल स्कुल, एजुकेसन पार्कको अवधारणा कार्यान्वयनमा जाँदैछ । यो महत्वपूर्ण उपलब्धि हो ।

**कार्यसम्पादन गर्ने सिलसिलामा प्रदेश सरकारले के कस्ता समस्या र चुनौती झेल्नु पर्‍यो ?**

– आर्थिक स्रोत अभाव (फन्डक्राइसिस) सबैभन्दा ठूलो चुनौती हो । राज्यबाट पाउनुपर्ने अनुदान लिन समस्या छ । मधेश प्रदेश कृषिमा आधारित क्षेत्र हो । पैसा भएर पनि किसानलाई समयमा मलखाद्य दिन सकिएको छैन । केन्द्र सरकारले खरिद गरेको मल निर्धारण भएको कोटाअनुरुप मात्र पाइन्छ । भविष्यमा यसलाई सल्टाएर जानुपर्नेछ । यो प्रदेश औद्योगिक केन्द्रका रुपमा छ । यहाँ लगानीकर्ता उद्योग खोल्न आउँछन् तर उनीहरुलाई विद्युत्, जग्गाको व्यवस्था तथा राजस्व छुट र सहयोग गर्न सक्छौँ । त्यो सबै अधिकार केन्द्रसँग छ । त्यो पनि समस्याकै रुपमा छ ।

**मधेशलाई सुविधासम्पन्न क्षेत्रका रुपमा हेरिने तथा चर्चा र परिचय गराइँदै आएको सन्दर्भमा विकास भनेको के रहेछ भन्ने लाग्छ ?**

– समथर जग्गा भएका हुनाले तराईलाई सुविधा होला भनेर हेर्ने र बुझ्ने गरिन्छ तर सेवा प्रवाह र अरू हिसाबले असुविधा मात्र छ । मधेश प्रदेशले सबै मौसममा साना ठूला सबै खाले विपद् भेल्नु परिरहेको छ । अहिले अत्यधिक चिसोले मानिसको मृत्यु भइरहेको छ । कैयौँ मानिस सामान्य घर, गरिबी ओढ्ने/ओच्छाउने लुगाको अभावले कठ्याङ्ग्रिएर समस्यामा छन् । गर्मीयाम लाग्नसाथ आगलागीबाट ठूलो जनधनको क्षति ब्यहोर्नुपर्छ । आगलागीमा सयौँ घर एकैचोटि जल्न पुग्छन् । भूकम्प गएको क्षेत्रमा प्राधिकरण गठन गरेर सरकारले नै घर बनाइदिने गर्छ । आगलागीबाट एक सयको सङ्ख्यामा घरगोठ जलेर नष्ट भए पनि कुनै प्राधिकरणले घर बनाई दिँदैन । बाढीले घर बगाउने र खेतीबाली डुबानबाट नष्ट हुन्छ । प्रदेश सरकारले यसपटकदेखि बीमा गरी घर जल्यो भने तीन लाखसम्म क्षतिपूर्ति पाउने व्यवस्थासहितका कार्यक्रम ल्याएको छ ।

**जनताले अनुभूत र सेवासुविधा प्राप्त गर्ने रुपान्तरणकारी योजना प्रदेश सरकारले बनाएको छ ?**

–राज्यले सबै क्षेत्रमा तत्काल नतिजा दिन सक्ने अवस्था हुन्न । विधि र प्रक्रिया पूरा गर्न केही समय लाग्न सक्छ । एक वर्षका लागि बनाइएको बजेट कार्यान्वयन भएर नतिजा नआएसम्म अवस्थाको मूल्याङ्कन गर्न सकिन्न । हरेक आयोजनाको जग निर्माणमा प्रशस्त समय र पैसा लाग्न सक्छ । त्यो पाटोलाई हेरिनुपर्छ । अहिले जग हाल्ने काम भएको छ । केही प्रगति भएन भन्ने कोणबाट मात्र विश्लेषण गरिनु हुन्न । केही समयपछि नतिजा आउँछ, अनि देखिनेगरी काम फटाफट अघि बढ्छ ।

**तपाईंले प्रदेशको नेतृत्व सम्हालेपछि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबीचको सहयोग, समन्वय र सहकार्य कस्तो पाउनुभएको छ ?**

– स्थानीय तहको नेतृत्व गर्दै एक कार्यकाल चलाएको अनुभव मसँग छ । मुख्यमन्त्री हुँदा काम गर्न जति गाह्रो छ, त्यति चुनौती स्थानीय तहमा छैन । इच्छशक्ति, आँट, बजेट र ‘भिजन’ भएमा नतिजा दिने गरी स्थानीय तहमा काम तुरुन्त गर्न सकिन्छ । एउटाले अर्कोलाई दोषारोपण गर्नेतर्फ नभई देश र जनताको हितमा काम गर्न आवश्यक छ । स्थानीय तहको संरचना नभएको भए कोराना महामारीविरुद्धको लडाइँ निकै चुनौतीपूर्ण हुन्थ्यो । अहिले स्थानीय तह र प्रदेश सरकारले पाउनुपर्ने अनुदानमा हाम्रो चित्त बुझन सकेको छैन ।

प्रदेशलाई हेर्ने दृष्टिकोण र उपलब्ध गराउने बजेटका सन्दर्भमा सोचमा परिवर्तन आउनुपर्छ । स्थानीय तहले साना प्रदेशले मध्यम र केन्द्रले ठूलो योजना बनाउनुपर्छ । तीनवटै तहले एकैखाले योजना बनाउने कार्य रोकिनुपर्छ । कुन योजना कसको भनेर परिभाषा गर्न सक्ने अवस्था छैन । यी विषयमा आगामी दिनमा सोच्न र छलफल गर्नुपर्नेछ ।

**संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार प्रयोगसम्बन्धी प्रावधानको अभ्यास, कार्यान्वयनको अनुभव कस्तो छ ?**

– संविधानले धेरै विषयवस्तुको प्रदेशको एकल अधिकार र साझा सूचीमा राखेको छ । अहिलेसम्म आइपुग्दा सङ्घले ती अधिकार आफूमै निहित होस् भन्ने चाहना राखेको देखिन्छ । हामीले पनि हाम्रो क्षेत्रभित्र आउनुपर्छ भनेर वकालत गरिरहेका छौँ । तर अहिले त्यो स्तरको परिपक्वता र जनशक्ति दिन खोजिरहेको देखिन्न । हामीले एकल सूचीमा रहेको गुठीको विधेयकको मस्यौदा गर्न कोसिस गरिरहेका छौँ । साझा तथा एकल सूचीमा रहेको प्रहरी ऐन नहुँदा कार्यसम्पादन प्रभावकारी तुल्याउन चुनौती भइरहेको छ ।

**संविधान संशोधनको विषय उठेको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

– संविधान संशोधन एउटा भेग विषय हो । संविधान जारी गरेकै बखत मधेशवादी दलहरुले केही विषयमा असहमति जनाएका थिए । हामीले संविधानमा भएका सबै प्रावधान खराब भनेको होइन । केही धारामा संशोधनको आवश्यकता छ । त्यो हुनुपर्छ । तर संशोधनका नाममा मधेशले पाएको अधिकार, गणतन्त्र, सङ्घीयताजस्ता उपलब्धिका बारेमा कतैबाट प्रश्नचिह्न गरिन्छ त्यो स्वीकार्य हुँदैन । संशोधनसम्बन्धी महत्वपूर्ण विषयमा सबैको सरसल्लाह र चासो लिएर मात्र निर्णयमा पुग्न जरुरी छ । संशोधनको आवश्यकताका आधारमा अघि बढ्नुपर्छ । हाम्रो पार्टीले नौलो गणतन्त्रको पक्षमा आफूलाई उभ्याउँदै आएको छ । संविधानमा सरकार गठन भएको दुई वर्ष पुरा नभई विश्वास र अविश्वासको मत ल्याउन पाइन्न भनियो तर यसबीचमा गलत प्रयोग भए । अस्थिर राजनीति अन्त्य गर्न प्रत्यक्ष निर्वाचनबाट कार्यकारी चुनिनुपर्छ भन्ने हाम्रो मान्यता हो । अरूले गरेका असल अभ्यासहरुलाई हामीले आत्मसात् गर्नुपर्छ । नेपालमा भएको समावेशीका विषयलाई विश्व समुदायले राम्रो अभ्यासका रुपमा ग्रहण गरेको छ ।

**प्रदेशमा कर्मचारी टिकाउ र विकास निर्माणमा भइरहेको ढिलाइप्रति उठेका गुनासाप्रति यहाँको भनाइ र बुझाइ के हो ?**

– निजामतीलाई मुलुकको स्थायी सरकार भनिरहँदा कर्मचारीतन्त्रको सोचमा अझै सङ्घीयता र लोकतन्त्र आएको महसुस गर्न सकिएको छैन । अहिले पनि कर्मचारीमा केन्द्रीकृत मानसिकताबाट ग्रसित छन् । एकपटक लोक सेवा पास गरेपछि ‘फिक्स डिपोजिट’जस्तो रुपमा बुझ्नुभएको छ । कार्यसम्पादन र सेवा प्रवाहका आधारमा मूल्याङ्कन विधि आवश्यक छ । कर्मचारीतन्त्रमा जवाफदेहिताको अभाव छ । जबसम्म राज्यको कुर्सीमा रहेका व्यक्तिले सेवा प्रवाहलाई सहज र सरल रुपमा उपलब्ध गराउने विषयलाई आत्मसात् गर्दैनन् त्यो नभएसम्म सुशासन र सेवा प्रवाह चुस्त हुन सक्दैन । कर्मचारीतन्त्रमा आफ्नो हित र स्वार्थ जोडिएका कामलाई जस्तोसुकै जटिल भए पनि सुल्झाउने तर अरूले ल्याएकालाई प्रश्न खडा गर्ने प्रवृत्ति देखिन्छ । विकास निर्माणको कार्य अघि बढाउने सम्बन्धमा सरकार र निर्माण व्यवसायीबीच दुवैतर्फ समस्या छ । बहुवर्षीय योजनाका लागि तोकिएको समय सीमाका आधारमा रकम विनियोजन हुन सकेको देखिन्न । विनियोजन र निकासालाई कार्यतालिका बनाएर बाध्यात्मक बनाउनुपर्छ । अर्कोतर्फ बोलपत्र आह्वान गर्दा लागत मूल्यभन्दा ५० प्रतिशतभन्दा तल झरेर बोलपत्र हाल्ने र परिसकेपछि कामै नगर्ने प्रवृत्ति छ । ३ वर्षको ठेक्कालाई १० वर्षसम्म काम नगरेर म्याद थपेको थपै गर्ने गलत प्रवृत्ति अब रोक्नुपर्छ । उसको प्रस्तुति र प्रगतिका आधारमा भुक्तानी दिने प्रक्रिया अघि बढाउनुपर्छ । उपकरण र जनशक्तिको समेत मूल्याङ्कन गरी ‘टेन्डर’ स्वीकृत गर्नुपर्छ । राज्यले पनि प्रतिबद्धता अनुसारको पैसा समयमा छुट्याउनुपर्छ । दुवैतर्फ नभइरहेको तालमेल सुधार गर्नुपर्छ ।

**कानुन निर्माणमा मधेश प्रदेशले गरेको कोसिस र प्राप्त उपलब्धि के कस्ता छन ?**

– प्रदेश मुख्यमन्त्रीको जिम्मेवारीमा आएपछि सात वर्षदेखि थन्किरहेको निजामती कर्मचारीसहित चारवटा ऐन पास गरिसकिएको छ । भाषासम्बन्धी विधेयकको मस्यौदा गरी पठाइएको छभने गुठीसम्बन्धी पठाउने क्रममा छौँ । पर्यटन र युवा तथा खेलकुदको पास भइसकेको छ । कानुन निर्माणमा हामीले गति लिएका छौँ ।

**विकास, पूर्वाधार निर्माण, सुशासन र समृद्धिको पर्खाइमा रहेका प्रदेशवासीलाई यहाँको सन्देश केही छ ?**

– हामीलाई अहिले सबै कुरा चोखो र राम्रो चाहिएको छ । त्यसका लागि हामी आफैँको पनि जिम्मेवारी हुनुपर्छ । हामी जस्तो प्रणाली र परिवेशमा छौ, त्यही आधारमा अघि बढनुपर्छ । चुनावमा विचार नै नपु¥याई प्रतिनिधि चुन्ने अनि गाली सुरु गरिहाल्ने प्रवृत्ति छ । संवैधानिक व्यवस्थाअनुरुप अधिकार नै नभएका प्रदेश र सङ्घीय ‘माननीय’लाई विकास निर्माणसँग जोडेर किन गाली ? उहाँहरुलाई अधिकार नै केछ र ? तथापि मत दिएका जनताले बाटो निर्माण, नदी नियन्त्रण, विद्यालय सञ्चालन, रासायनिक मलको सहजताजस्ता उठाउने कार्य भने अस्वाभाविक होइन । कतिपय विषय यस्ता जटिल हुन्छन् । उदाहरणका लागि दुई देश सरकारबीचको सहमतिका आधारमा मात्र रासायनिक मल खरिद गर्न सकिन्छ । अन्यथा प्रदेश सरकारले पैसा भए पनि किन्न सकिँदैन । त्यो पक्षलाई मतदाताले बुझ्दैन । अर्कातर्फ जिताएर पठाएपछि नतिजा खोज्नुलाई अन्यथा रुपमा लिन मिल्दैन । बजेट, अधिकार र क्षेत्राधिकार नबुझी धेरै अपेक्षा गरियो भने त्यो कसरी सम्भव होला ? पाँच कक्षामा पढ्ने विद्यार्थीलाई डाक्टर भएर शल्यक्रिया गर भनेजस्तो हुन जान्छ । प्रदेश सरकार अहिले विकास र समृद्धिमार्फत जनतालाई सरल र सहज रुपमा सेवा प्रवाह उपलब्ध गराउने कार्यमा समर्पित छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन